रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

रातो खबर साप्ताहिक
Ratokhabar weekly



नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नु नै पार्टीको मूल कार्यभार हो

अन्तर्वार्ता

पृष्ठ ३


वर्ष ३, अङ्क ६, पूर्णाङ्क १०१ | २०७४ असार २८ गते बुधबार | Wednesday, 12 July 2017 | www.eratokhabar.com | मूल्य रु. १०

# जलस्रोतमा भारतको गिद्धेदृष्टि

■ रातो खबर संवाददाता/काठमाडौं

भारतले नेपालको जलस्रोत कब्जा गर्ने कुनै कसरल बाँकी राखेको छैन भनिरहनु परोइन । त्यस विषयमा उदार दृष्टि राख्नेहरूलाई पनि भारतको पछिल्लो कदमले झस्काइदिएको छ । भारतले नेपालको जनस्रोतमा एकाधिकार कायम गर्न लगातार नेपाल सरकारलाई दबाब दिँदै र नेपालका ठूला नदीहरू हडप्दै आएको थियो । त्यति हुँदाहुँदै पनि कतिपय आयोजनामा भारत बाहेकका देशको लगानी र कैयौंमा नेपालको आफ्नो लगानीमा आयोजना बन्दै वा बन्ने प्रक्रियामा थिए । खासगरी पछिल्लो समयमा बुढीगण्डकी आयोजना चिनियाँ कम्पनीलाई दिने सरकारी निर्णय सार्वजनिक भएकै समयमा भारतले आफ्नो लगानी नभएका आयोजनाको विद्युत खरिद नगर्ने आश्चार्यजनक र हस्तक्षेपकारी निर्णय लिएको छ ।

भारतको ऊर्जा मन्त्रालयले केही समयपूर्व 'क्रस बोर्डर विद्युत व्यापार' निर्देशिकामा छिमेकीबाट विद्युत खरिद गर्दा उसको लगानी भएको आयोजनाको मात्र खरिद गर्ने निर्णय




लिएको थियो । त्यसको अर्थ नेपालको भारतबाहेक अर्को बजार नभएको भौगोलिक बाध्यतालाई च्याँखे थापेर 'विद्युत बेच्ने भएर नेपालमा तेम्रो देशका लगानी निरुत्साहित गर' भन्ने सन्देश नेपाललाई दिएको थियो । हाल त्यसैलाई वैधानिकता दिनेगरी भारत सरकारले 'क्रस बोर्डर विद्युत व्यापार नियमावली २०१७' ल्याउन लागिएको छ । त्यसले कानुनी रूप धारण गऱ्यो भने नेपालले भारतबाहेक अन्य देशसँग आन्तरिक खपत बाहेकको उद्देश्यले विद्युत क्षेत्रमा लगानी तथा उत्पादन गर्न सक्नेछ छैन । भारतको एकाधिकार भएपछि उसको जायज नाजायज शर्त मान्न नेपाल वाध्य हुनेछ । यसरी भारतले नेपालको स्वतन्त्र आर्थिक नीति, प्राथमिकता छनोट र दिशा निर्धारण गर्ने अधिकारमाथि आक्रमण गरेको छ । यो उसको र विश्वको उदार अर्थनीतिकै प्रतिकूलसमेत रहेको ... बाँकी पृष्ठ ७ मा

## 'रातो खबर' साप्ताहिकका निर्देशक अनिल शर्मा गिरफ्तार



■ रातो खबर संवाददाता/काठमाडौं

'रातो खबर' साप्ताहिकका निर्देशक अनिल शर्मालाई मंगलबार काठमाडौंको बागबजारस्थित पत्रिकाको कार्यालयबाट पक्राउ गरेको छ । शर्मासँगै रातो खबरका काठमाडौं संवाददाता झनक श्रेष्ठ र चितवन संवाददाता भीमबहादुर खड्कालाई पनि पक्राउ परेका छन् । जनपक्षीय पत्रिकाका निर्देशक र संवाददाताहरूलाई विनाकारण पक्राउ गरेको विषयलाई लिएर रातो खबर साप्ताहिकका प्रबन्ध निर्देशक भीमप्रसाद चापागाईले एक विज्ञप्ति जारी गर्दै विनाशर्त रिहाइको माग गर्नुभएको छ । प्रस्तुत छ विज्ञप्तिको पूर्ण पाठ : प्रेस स्वतन्त्रताको हिमायती भएको दाबी गर्ने देउवा सरकारले आज बिहानै हाम्रो 'रातो खबर' साप्ताहिकका निर्देशक अनिल शर्मा 'विरही', काठमाडौं संवाददाता झनक श्रेष्ठ र चितवन संवाददाता भीमबहादुर खड्कालाई पक्राउ गरेको छ । रातो खबर साप्ताहिकप्रति सरकारको यस किसिमको दमनको हामी घोर ... बाँकी पृष्ठ ७ मा

## दार्जिलिङमा फेरि हिंसा भड्कियो

### चीनलाई देखाएर निरंकुशता र फासिवादी शासन लाद्दै बेनर्जी सरकार

■ रातो खबर संवाददाता/काठमाडौं



सेनाद्वारा कञ्चटमा गोली

एकजना प्रदर्शनकारीको बेवारिसे लास भेटिएपछि शनिवार दार्जिलिङमा भएको आक्रोशित भीडमाथि अर्धसैन्य बलले अन्धाधुन्ध गोली बर्षाउँदा थप तीन जना भारतीय नागरिकको मृत्यु भएको छ । नेपाली भाषीहरूले भारतीय गृहमन्त्री निवासमा ज्ञापनपत्र दिन अगाडि बढेका प्रदर्शनकारीलाई दिल्ली प्रहरीले पक्राउ गरेको छ । तृणमूल कार्यालयबाट मुख्यमन्त्री ममता बेनर्जीले दार्जिलिङको आन्दोलन विदेशीले उक्साएको भन्दै थप दमन ... बाँकी पृष्ठ ७ मा

## गिरफ्तारीको विरोधमा नेपाल बन्द

■ अम्बिका चन्द/काठमाडौं

बिनाकारण आफ्ना नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी हिरासतमा राखेको भन्दै आह्वान गरिएको एक दिने नेपालबन्द सफल भएको नेकपाले जनाएको छ । केन्द्रीय सदस्य एवं मेची ब्युरो इन्चार्ज सन्तकुमार लिम्बु 'सुमन'सहितका नेता कार्यकर्ताहरूलाई पक्राउ गरी लामो समयसम्म बन्दी बनाएको विरोधमा नेकपाले एक दिने नेपाल बन्दको आह्वान गरेको हो । बन्दको दिन दिनभरी देशका मुख्य-मुख्य शहरहरू बन्द रहेका छन् भने उद्योग धन्दा कलकारखाना र शिक्षण संस्थाहरू पनि बन्द रहेका छन् । बन्दको कारण लामो तथा छोटो दुरीका सवारी साधनहरू चलेका छैनन् । विराटनगर, धरान, धनकुटा, इटहरी, विर्तामोड, दमक, जनकपुर, हेटौंडा, विरगंज,




मंगलबार पोखरामा बन्दको असर, फोटो : भीम चापागाईं

नारायणगढलगायतका शहरहरूमा बन्दको प्रभाव परेको छ । यस्तै पोखरा, बुटवल, दाङ, नेपालगन्ज, धनगढी र महेन्द्रनगरलगायतका ठूला शहरहरूमा बन्दको अत्यधिक प्रभाव परेको छ । यता उपत्यकामा बन्दको प्रभाव कम परे पनि देशव्यापी रुपमा बन्दको प्रभाव अत्यधिक परेको ... बाँकी पृष्ठ ७ मा

## अमर्यादित ट्रम्प परिवार

■ एजेन्सी

अमेरिकी धनाढ्य परिवारका प्रतिनिधिको रूपमा डोनाल्ड ट्रम्प अमेरिकी सत्ताको शीर्षस्थानमा पुगेका छन् । उनी र उनको परिवार मर्यादित र अनुशासित होला भन्ने आम नागरिकको सोच रहेको छ । तर पुँजीपति वर्गका कुलीन परिवार कुन हदसम्म अमर्यादित, अनुशासनविहीन र अराजक हुन्छन् भन्ने कुरा जी २० शिखर सम्मेलनमा ट्रम्पकी छोरी इमानका ट्रम्पले प्रदर्शित गरेकी छिन् । जर्मनीको ध्याम्वर्ग सहरमा भइरहेको जी २० शिखर सम्मेलनको मध्यान्तरमा ट्रम्प मञ्चबाट अर्को काम विशेषले बाहिर निस्किएको बेला उनकी छोरी इमानता लाजै पचाएर राष्ट्रपतिको कुर्चीमा बसिन् । ट्रम्प परिवारको कुनै सदस्य स्वतः राष्ट्रपतिको हैसियतमा हुँदैनन् भनिरहनु पर्दैन । यसलाई अमेरिकी समाजको कुलीन वर्गमा निहीत अराजकता र सामन्ती चिन्तनकै रूपमा हेरिएको छ ।



## कोरला–बेनी–सुनौली करिडोरको अर्थ राजनीति

देश/परिवेश

■ अनिल शर्मा



दशकौंदेखि चर्चामा रहेको कालीगण्डकी करिडोरको गोरेटो (ट्र्याक) हालै सम्पन्न भएको छ । सरकारले नेपाली सेनालाई सो योजनाको जिम्मा लगाएको थियो । यो गोरेटोले चीनको तिब्बत, कोरलाबाट बेनी, कास्की, नवलपरासी, रूपन्देही हुँदै भारत-नेपाल सुनौली नाका जोड्नेछ । जसको दूरी ४३५ कि मी छ । कोरला (उपल्लो मुस्ताङ) देखि सुनौलीसम्मको यो सडकले नेपाललाई उत्तर र दक्षिणका दुई छिमेकी देशसँग जोड्ने भएको छ ।

गतवर्ष भारतले नेपालमाथि नाकाबन्दी लगाएपछि यो सडकको काममा तीव्रता दिन सरकारलाई दबाब परेको थियो । गत केपी ओलीको नेतृत्वको सरकारले पनि यो गोरेटो खोल्ने प्रयास जारी राखेको थियो । बाग्लुङ खण्डको २६ कि.मि. गोरेटो सेनाले सम्पन्न गरेपछि प्रारम्भिक गोरेटो खोल्ने कार्य पूरा भएको हो । नेपाली सेनाको निर्माण कार्यदलले मोटर चल्न सक्ने बताएको छ ।

सुनौलीबाट नवलपरासी, पाल्पा, गुल्मी, बाग्लुङ, म्याग्दी, मुस्ताङ हुँदै यो सडक कोरला पुग्नेछ । गएको विहीबार गोरेटो खोल्ने कार्य निर्धारित समयभन्दा १ साता अघि नै सम्पन्न भएको नेपाली सेनाले बताएको छ । सो गोरेटोमा अहिले अस्थायी पुल (बेलीब्रिज) बनाउने कार्य भइरहेको छ । अस्थायी पुल निर्माण भएपछि वर्षात्मा पनि सवारी चल्न सक्नेछन् । तर सडकको स्तरोन्नती गर्ने विषयमा भने हालसम्म कुनै निर्णय भइसकेको छैन । स्तरोन्नति नभएसम्म भने यो सडक हिउँदे सडकको रूपमा रहनेछ । ... बाँकी पृष्ठ २ मा

## सम्पादकीय

रातो खबर सञ्चारगृहमा भएको प्रहरी हस्तक्षेपको विरोध गरौं ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ **– रातो खबर साप्ताहिक**

# शिक्षामा वैदेशिक हस्तक्षेप



नेपालको शिक्षा ऐन नियमलाई चुनौती दिएर भारतीय बोर्ड सिविएसई र आईसीएसईको सम्बन्धन लिई रायस्कुल जोरपाटी, मोर्डन स्कुल चोभार, डिएभी स्कुल जावलाखेल, आलोक विद्याआश्रम बत्तिसपुतली,चाँदबाग बाँसवारी, रूपीज स्कुल बाफल, दिल्लीपब्लिक स्कुल वीरगंज, डिएभी केडिया स्कुल वीरगंज, दिल्लीपिब्लक स्कुल विराटनगर, दामोदर एकेडेमी महोत्तरी डिएभी केडिया विराटनगर आदि विद्यालयहरु सञ्चालन गरिएका छन ।

लालबहादुर वि.सी

शिक्षा भनेको अधिरचना र संस्कृतिको चेतना विकास गर्ने क्षेत्र हो । मानिसको चेतनामा आधारभूत परिवर्तन नगरी समाजको परिवर्तन गर्न सकिदैन । अर्को अर्थमा शिक्षा भनेको मानिसले सामाजिक रूपान्तरणको लागि समाजमा र बाँच्नको लागि प्रकृतिसँग गरिने संर्घषबाट प्राप्त अनुभव हो । शिक्षा चेतना हो ।चेतना गलत भयो भने मान्छे कस्तो होला त्यो हामी सबैलाई थाह छ । इतिहास, समकालीन समाज र वस्तुको द्वन्द्वात्मक भौतिकवादी कोणबाट विश्लेषण गरेर मात्रै शिक्षालाई व्यावहारिक जीवनपयोगी बनाउन सकिन्छ । शिक्षाले व्यावहारिक जीवनको समस्याको हल गर्नुपर्दछ। उत्पादन र श्रमसँग नजोडिएको शिक्षाले विकृति र विसंगति जन्माऊने भएकोले शिक्षालाई उत्पादनसँग जोड्न पर्दछ। शिक्षाको चरित्र राष्ट्रिय भएन भने मान्छेको चेतना पराधीन बन्दछ।

हाम्रो देशको शिक्षा प्रणली सामन्तवादी जगमा टेकेको सामन्तवाद र वैदेशिक पुँजीवादको खिचडीमा आधारित छ। राणा शासनदेखि ००७ साल सम्मको शिक्षाको लक्ष्य उद्देश्य र नीति स्तुतिवादी भएकोले यो समयमा शिक्षाको विकास र विस्तार हुन सकेन । शिक्षा जनसाधारणको पहुँचबाट टाढा रहयो । ००७ साल देखि ०२८ सम्मको अवधिमा शिक्षा बेलायत र भारत बाट निर्देशित रहयो । ०२८ सालमा ल्याइएको नयाँ शिक्षा पद्धतिबाट ०३६ सालमा शिक्षाको निजीकरणको जन्म भयो । त्यसपछि शिक्षामा वैदेशिक छाडा पुँजीवादको प्रभाव पर्न थाल्यो। जसको परिणाम २०५८ देखि शिक्षालाई कम्पनी ऐनअन्तरगत दर्ता गर्ने कानुन बनाइयो। औपचारिक रूपमा शिक्षामा विदेशी पुँजी भित्रयाइयो। औपचारिक र कानुनी रूपमा शिक्षामा दुईखाले शिक्षा नीति लागु गरियो ।

आज नेपालको शिक्षामा रहेको समस्या भनेको वैदेशिक हस्तक्षेप हो । शिक्षामा आन्तरिक राजनीतिको मात्र होइन, वैदेशिक प्रतिक्रियावादको हस्तक्षेप बढी छ। हाम्रो शिक्षामा साम्राज्यवादी प्रभुत्व कायम छ। जसको प्रभाव र हस्तक्षेपका कारण यसबाट उत्पादित जनशक्ति पनि देशलाई काम लाग्ने छैन। वर्तमान शिक्षाबाट उत्पादित जनशक्ति विदेशपरस्त छ । शैक्षिक क्षेत्र विदेशीहरूको स्वार्थसिद्ध गर्ने थलो भएको छ । शिक्षामा छुटयाइएको कूल बजेटको १३ प्रतिशत विदेशी रकम शिक्षामा लगानी गरिएको छ तर पनि १३ प्रतिशत बजेटले हाम्रो ८७ प्रतिशत बजेटलाई नियन्त्रण गरेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, क्याम्पस स्वायत्त बनाउने कार्यक्रम, विश्वविद्यालयमा सेमेस्टर प्रणालीको व्यवस्था, पिसिएल फेजआउट, विद्यालय समुदायमा हस्तारण कार्यक्रम, शिक्षक लाइसेन्सको व्यवस्था र निजी विद्यालयलाई कम्पनी ऐनमा दर्ता गर्ने व्यवस्था शिक्षामा भएको वैदेशिक हस्तक्षेपको उदाहरण हुन् । सरकारको स्वीकृतिबिना नै नेपालमा अहिले पनि १५ वटा विदेशी विद्यालयहरू खुल्लमखुल्ला सञ्चालन गरिएका गरिएका थिए । राष्ट्रियतामा आँच आउने गरी पढाउँदा पनि राज्य चुप लागेर बसेको देखिन्छ। जनस्तरबाट त्यस्ता विद्यालयमाथि कार्वाहीको आवाज आउँदा उल्टै सरकारले मोटो रकम लिएर ती स्कुललाई सञ्चालन गर्न अनुमति दिएको छ । जसले गर्दा शिक्षामा गम्भीर प्रकारका जटिलता पैदा भएका छन् ।

हाम्रो देशमा लागु भएको शिक्षा मुलुकको आवश्यकता भन्दा पनि दातृ निकायको इच्छा र चाहनाबाट चलेको छ। दातृमुलक र वित्तीय सस्थाले पैसाको लोभ देखाएर शर्त लाद्ने र हाम्रो राज्य पैसा पाएपछि जुनसुकै शर्त पनि स्वीकार गर्न तयार हुने संस्कार नै राष्ट्रियता विरोधी सोच हो। हाम्रो शिक्षा प्रणालीमा वैदेशिक हस्तक्षेप चरम चुलीमा पुगेको छ । जसरी हाम्रो मुलुकको राजनैतिक आर्थिक सांस्कृतिक र सैनिक क्षेत्रमा भारतीय हस्तक्षेप बढेको छ, त्यसैगरी शैक्षिकक्षेत्रमा पनि भारतको दबाव र हस्तक्षेप डरलाग्दो तरिकाबाट अगाडि बढेको छ। पहिलो कुरा त नेपालका राजनीतिक पार्टीका नेता ब्युरोक्र्यासीको उच्च पदका कर्मचारीहरूले भारतमा बसी औपचारिक शिक्षा आर्जन गरे। भारतमा प्रशिक्षित मान्छेद्वारा हाम्रो देश शासित भएको छ। जसको परिणाम भारतको हित अनुकूल विभिन्न सन्धि सम्झौताहरू भएका छन् । नेहरू र रुडकी विश्व विद्यालयमा अध्ययन गरेका मान्छेहरू भारतको गुणगान गाउँछन् । त्यही गुन तिर्न मुलुकको कार्यकारी पदमा बसेकाहरू आफुले पढेको विश्व विद्यालयमा गएर रुन्छन। राष्ट्रघाती सन्धि सम्झौता गर्दछन्। २०६० कार्तिक २१ मा तत्कालीन प्रम सूर्यबहादुर थापा र उनका समकक्षी भारतीय प्रम अटल बिहारी वाजपेयीबीच ३ करोडसम्मका साना परियोजना नेपाल सरकारको सहमतिबिना नै भारतिय राजदुतावास मार्फत खर्च गर्न सक्ने सहमति भएको थियो। यसैको परिणाम भारतको राजदुतले भवन शिलान्यास र उद्घाटन गर्दै देश दौडाह गर्दछन् । यसको लागि न सरकारको अनुमति लिनुपर्दछ, न स्थानीय निकायलाई कुनै जानकारी दिने गरिन्छ। यसरी कुटनितिक क्षेत्रको मर्यादा विपरीत भारत शिक्षा क्षेत्रमा प्रभाव विस्तारमा लागेको छ। उसले दुतावासमार्फत आफू अनुकुल चलाउन सक्ने नेता कर्मचारी र उद्योगपतिका छोराछोरीका लागि विभिन्न प्रकारकाण छात्रवृत्ति बाँड्छ । त्यही छात्रवृत्तिमार्फत नेपालको उच्च तहमा आफ्नो प्रभाव कायम गरिरहेको छ । यस्तो छात्रवृत्ति वितरण गरी जनशक्ति भारतपरस्त बनाउनु ठीक बेठीक केहो ? यसबारे सरकार मौन छ।

ती नेपालमा सञ्चालित भारतीय स्कुलहरूमा माध्यमिक शिक्षाको केन्द्रीय बोर्ड सिविएसई र आईसिएसई को सम्बन्धन लिई केही स्कुलमा नेपाली बालबालिकालाई पढाउने गरिएको छ। जब कि नेपालको शिक्षा ऐनमा विदेशी सम्बन्धन पाउने व्यवस्था छैन। शिक्षा ऐनअनुसार कुटनीतिक नियोगमा काम गर्ने कर्मचारीका छोराछोरीका लागि एउटा मात्र विद्यालय खोल्न पाउने प्रावधान छ तर आहिले ऐन विपरीत १४ वटा विद्यालय खोलिएका छन् । शिक्षा ऐनको दफा ३ को उपदफा ८ मा विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन भनी लेखिएको छ। शिक्षा ऐनकै दफा ८ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठयक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपर्दछ भनि लेखिएको छ। यसरी नेपालको शिक्षा ऐन नियमलाई चुनौती दिएर भारतीय बोर्ड सिविएसई र आईसीएसईको सम्बन्धन लिई रायस्कुल जोरपाटी, मोर्डन स्कुल चोभार, डिएभी स्कुल जावलाखेल, आलोक विद्याआश्रम बत्तिसपुतली, चाँदबाग बाँसवारी, रूपीज स्कुल बाफल, दिल्लीपब्लिक स्कुल वीरगंज, डिएभी केडिया स्कुल वीरगंज, दिल्लीपब्लिक स्कुल विराटनगर, दामोदर एकेडेमी महोत्तरी डिएभी केडिया विराटनगर आदि विद्यालयहरू सञ्चालन गरिएका छन । ती स्कुलमध्ये डिएभी स्कुल जावलाखेल तत्कालीन प्रमको स्वकीय सचिव दीर्घराज कोइरालाले दिएको नो अब्जेशन लेटरका भरमा बीसौं वर्ष चलेको छ। यी विद्यालयहरूले सिविएसई र आसीएसई को पाठयक्रमर पाठयपुस्तक पढाएर राष्ट्रघात गरेका छन् । राष्ट्रियता र स्वाधीनतामाथि आँच आउने गरी गौतम बुद्ध भारतमा जन्मेका हुन्, लुम्बिनी भारतमा पर्छ । कञ्चनजङ्घा भारतिय हिमश्रृङ्खलामा पर्छ भनि इन्टिग्रेटेड सोसल साइन्स स्टडिज भन्ने पुस्तकमा पढाउने गर्दछन् । यस्ता अनाधिकृत विद्यालयमा पढाउनको लागि ती बोर्डको पाठ्यक्रमको आधारमा रत्न संसार प्रकाशनले पुस्तक प्रकाशन गरेको छ । सिविएसई र आईसिएसईको पाठयक्रम भएकोले भारतको संस्कृति अर्थतन्त्र र इतिहास पढाउने कुरा अन्यथा होइन तर नेपालको शिक्षा ऐन विपरीत कुनै ठाउँबाट अनुमति नलिई नेपालका बालबालिकालाई राष्ट्रियतामा आँच आउने पाठ्यक्रम तथा पाठ्यपुस्तक पढाउनु गम्भीर राष्ट्रघात हो । देशमा बालबलिकालाई यस्ता राष्ट्रघाती पाठयपुस्तक पढाउनु कति उचित मानिन्छ ? बिनारोकटोक यस्ता पाठहरू पढाउनुले हामीले हाम्रा बालबलिकाका दिमागमा के भर्दैछौं। भारतको राष्ट्रियगान जनगणमन राष्ट्रिय गान र राष्ट्रिय झन्डा तिरङगना भनि पढाउँदा कालिलो मनोविज्ञानमा कस्तो असर पर्छ होला ? राम्रो र स्तरीय शिक्षा दिने नाममा बालमनोविज्ञानमा नकारात्मक सोच र राष्ट्रघात प्रवेश गराउँदा हामी कसका लागि कस्तो जनशक्ति उत्पादन गर्दैछौं। विडम्बना के छ भने कुनै न कुनै पार्टी को संरक्षणमा रहेका पुँजीपतिले यस्ता स्कुल खोलेका छन । धनीमानी उद्योगपति पत्रकार, उच्चतहका नोकरशाह र समान शिक्षाको वकालत गर्ने अभिभावकका छोराछोरी पढ्ने गर्दछन् । राजधानीभित्रै शिक्षणमार्फत अनधिकृत स्कुलले राष्ट्रघाती काम गरिरहँदा राज्य चुप बसिरहेको छ। शिक्षा भनेको चेतना पनि हो । यसरी चेतनामा नै असर पर्ने गरी भारतीय संस्कार संस्कृति गलत राष्ट्रियताको शिक्षा दिएपछि हाम्रो जनशक्ति कस्तो उत्पादन होला ? सरकारले यसबारे गम्भीर रूपमा सोच्नुपर्दछ । राष्ट्रियतामा असर पार्ने पाठ्यक्रम पाठ्यपुस्तक खारेज गरि शिक्षामा भएको वैदेशिक हस्तक्षेप रोक्न हामी सबै एकताबद्ध हनुपर्दछ।

## कोरला–बेनी ...

यो सडकले मुक्तिनाथ जाने भारतीय पर्यटकलाई आकर्षित गर्न सक्ने अपेक्षा पनि गरिएको छ। अर्कोतिर तिब्बतका बौद्धमार्गीहरू यही बाटो हुँदै छोटो समयमा लुम्बिनी पुग्न सक्नेछन् । त्रिदेशीय सम्पर्क सूत्र (कनेक्टिभिटी) को काम गर्ने यो सडकको रणनीतिक महत्व छ । यो सडकलाई त्रिदेशीय सडक बनाउने नेपालको चाहना भए पनि भारत त्यसप्रति सकारात्मक देखिन्न । यो सडकलाई भारतले सामरिक र चीनको बजारले अतिक्रमण गर्न सक्ने भयको दृष्टिले हेरेको छ । नेपालले भने भारतसँगको परनिर्भरता घटाउने र व्यापारघाटा कम गर्ने साधनको रूपमा हेरेको छ।

बाग्लुङबाट गुल्मी, पाल्पाको राम्दी नदी तरेर बुटवल हुँदै भैरहवा भएर सुनौली नाका हुँदै नुनतेलको कारोबार हुन्थ्यो। त्यही गोरेटोबाट भोटेनुन नेपाल ल्याइन्थ्यो । यो सडकको गोरेटो आसपासमा १० जनसंख्याको आवादी रहेको छ। यो सडकले बसाइ सराइ रोक्ने र मध्य पहाडी क्षेत्रको आर्थिक गतिविधि वृद्धि हुन जानेछ। मध्य पहाडको धार्मिक पर्यटनमा पनि वृद्धि हुने अपेक्षा छ। अहिले बन्द रहेको, बाग्लुङको बलेवा विमानस्थल यो गोरेटे बनेपछि सुचारु हुने स्थानीयको अपेक्षा भए पनि त्यो सम्भावना भने कम छ। मध्य पहाडको कृषि उत्पादन र बजार निर्माणमा यो सडकले सुधार ल्याउनेछ। यो सडकप्रति भारत सकारात्मक नभएसम्म गति लिने कम सम्भावना छ। नेपाल र भारतका बीचमा खुला सिमाना भएका कारण नेपालको बाटो भएर चिनियाँ सामान भारतीय बजारमा पुग्ने आशंका भारतको छ। २०४५ सालमा नेपालको बाटो र पञ्चायती व्यवस्थाको चीनप्रति नरम नीतिका कारण भारतीय बजारमा चिनियाँ उत्पादन अवैध रूपमा भित्रिएको भारतको आरोप थियो। एकजना भारतीय अधिकारीले त त्यसबेला १.५ करोड जनसंख्या भएको नेपालले चीनसँग वार्षिक ३ करोड छाता खरिद किन गर्छ ? प्रश्न गरेका थिए। आधा चिनियाँ उत्पादन नेपालको बजार हुँदै भारतीय बजारमा भित्रिएको भारतीय पक्षको आरोप थियो। त्यो स्थिति अहिले पनि कायमै छ।

माथिल्लो मुस्ताङको नामले चिनिने कोरलासम्म तिब्बती सडक चालु रहेको छ। चीनले कोरला नाकासम्म रेल सेवा विस्तार गर्ने भएको छ । यद्यपि यही नाकाबाट तिब्बती पृथकतावादी खम्पा विद्रोहीहरू तिब्बतका विरुद्धको गतिविधि गर्न नेपाल प्रवेश गरेका थिए। चीनले यो नाकालाई त्यसकारण पनि त्यसकारण पनि संवेदनशील मान्दै आएको छ। यो नाका चीनका तर्फबाट लामो समयदेखि बन्द रहेको छ। कोरला नाकाबाट चीन विरोधी गतिविधि हुन सक्ने चिनियाँ अधिकारीहरूको आशंका छ। सन् २०१३ मा तत्कालीन प्रम बाबुराम भट्टराई र चिनियाँ समकक्षी वेन जियावाओबीच नाका खोल्ने सम्झौता भए पनि सो नाका अझैसम्म खुल्न सकेको छैन। नेपाल सरकारको उत्तरमा १३ ओटा नाका खोल्ने रणनीति अन्तर्गत् यो गोरेटो खुलेको बताइएको छ । यो नाकालाई तत्काल भन्दा रणनीतिक फाइदाको दृष्टिले हेरिएको छ।

# नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नु नै पार्टीको मूल कार्यभार हो



**नेत्रविक्रम चन्द 'विप्लव'**

**महासचिव**
**नेपाल कम्युनिस्ट पार्टी**

» ***यहाँको पार्टी क्रान्तिलाई कसरी अगाडि बढाइरहेको छ ?***

उत्तर १) दलाल पुँजीवादी राज्य सत्ता र नेपाली जनताबीचको अन्तरविरोध चर्किंदै गएको छ । संसदीय व्यवस्थाको पक्षमा एकथरी सत्ताबाट सक्रिय छन् भने अर्काथरी देशलाई नै टुक्र्याउने नारा लिएर सडकमा छन् । यी दुवैको केन्द्र एउटै छ, त्यो हो दिल्ली प्रशासन । जनता भने दलाल संसदीय व्यवस्थाको विरुद्ध संघर्षरत छन् । श्रमिक जनता आफ्नै सत्ता निर्माणको प्रकृयामा छन् । हाम्रो पार्टीले जनताको नेतृत्व गर्दै क्रान्तिलाई अगाडि बढाउने पहल गरिरहेको छ ।

» ***यहाँको पार्टीले थबाङ महाधिवेशनमा गरेको मुख्य मुख्य संश्लेषण के के होलान् ?***

उत्तर २) आठौं महाधिवेशन नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिका लागि विशेष महत्वको रहेको छ । यसले संश्लेषण गरेका वैचारिक, राजनैतिक, संगठनात्मक, अर्थनीति, संस्कृतिको बारेमा जे संश्लेषण गरेको छ तिनले नेपाली कम्युनिस्ट आन्दोलनमा मात्र होइन, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पनि महत्व राख्नेछन् ।

दर्शनमा हामीले दुईलाइन संघर्ष र विपरीतको एकत्वसम्बन्धी गलत बुझाइलाई विकास गरेका छौं । ती दुवैलाई घालमेल गर्ने प्रवृत्तिलाई सच्याउँदै विपरीतको संघर्ष र दुईलाइन एउटै होइन । पार्टी जीवनका लागि विपरीतको एकत्व अनिवार्य छ भने दुईलाइन अनिवार्य छैन ।

दुनियाँलाई बदल्नुसँगै बदलिएको वस्तुलाई निरन्तर रक्षा र विचारको विकास गर्नुपर्ने विचार निर्माण गरेका छौं ।

राजनैतिक रूपले बिसौं सदीमा समाजवादले भोगेको असफलतालाई विश्लेषण गर्दै जनवाद र अधिनायकत्वलाई वैज्ञानिक समाजवादमा विकास गर्नुपर्ने विचार अगाडि सारेका छौं ।

अर्थतन्त्रमा नेताहरूको हकमा क्षमताअनुसारको काम र आवश्यकताअनुसारको दाम हुने र जनताको हकमा कामअनुसारको दाम हुने विचार निर्माण गरेका छौं ।

संस्कृतिमा कम्युनिस्ट समाजको निर्माण गर्ने विचार साथै पाकालाई सम्मान र नयाँ पुस्तालाई पुरस्कृत गर्ने विचार बनाएका छौं । यी यस्ता संश्लेषण र निर्णय हुन् जसले धेरै परसम्म अर्थ राख्ने छ ।

» ***यहाँले नेपालमा क्रान्तिमार्फत् वैज्ञानिक समाजवाद आउने सम्भावनालाई कसरी हेर्नुहुन्छ ?***

उत्तर ३) क्रान्ति, प्रतिक्रान्ति र क्रान्ति पुँजीवादी व्यवस्था र शासन विश्वमा रहेसम्म चलिरहने प्रकृया हो । मानवजातिमा वर्ग रहेसम्म वर्गसंघर्ष र वर्गसंघर्ष रहेसम्म क्रान्ति अनिवार्य छ । समाजवादले केही असफलता बेहोरेको छ; समाजवादी क्रान्तिहरूले केही समस्या भोगेका छन् तर विश्वमा पुँजीवाद पूरै संकटग्रस्त बनिरहेको छ । यसले मानवजातिलाई युद्ध, विध्वंस र बर्बादीबाहेक केही दिएको छैन । यसबाट नागरिकहरू आजित भइरहेका छन् । नेपालमा त झन् जनताको चाहना आमूल परिवर्तन होस् भन्ने छ । यो स्थितिमा विश्वक्रान्ति आउनेछ भने नेपालमा दलाल संसदीय व्यववस्थालाई फालेर वैज्ञानिक समाजवादमा जाने क्रान्ति निकट भविष्यमा आउनेछ ।

» ***वर्तमान सत्ता व्यवस्थाको चरित्रलाई यहाँले कसरी हेरिरहनुभएको छ ?***

उत्तर ४) इमानदार कम्युनिस्टहरू कसैले पनि यस्तो भनेका छैनन् । यो भन्ने स्थिति नै छैन किनकि नेपालमा हिजोको भन्दा पनि गएगुज्रेको दलाल संसदीय व्यवस्था लादिएको छ । नेपाल दलालहरूको विगविगीले सताइएको छ । जसले यस्तो भन्छन् ती या दलालहरू हुन् या त क्रान्तिबाट भागेका भगुवा, आत्मसमर्पणवादी र दलालका पनि दलाल बेइमानहरू हुन् । यी तत्वहरूबारे जनता पनि खासै भ्रममा छैनन् । जब क्रान्ति अगाडि आउनेछ, सबै चिज ठीक भएर जानेछ ।

» ***नेपाली समाजको सही विश्लेषणबिना राजनीति भइरहेको छ भन्नेबारे यहाँको भनाइ के छ ?***

उत्तर ५) एकहदसम्म यो ठीक कुरा हो तर कसैले नगरेको भन्ने सही होइन् । हाम्रो पार्टीले नेपाली समाजका विशेषतालाई निकै सूक्ष्म र तथ्यपरक प्रकारले विश्लेषण गरेको छ । हामीले नेपाली समाजका ७ वटा विशेषता अगाडि सारेका छौं (जुन बुँदा धेरै ठाउँमा उल्लेख भएकोले यहाँ भन्न जरुरी छैन) ती विशेषता नै सबैभन्दा सही छन् । त्यसलाई पकडेर जाँदा क्रान्ति गर्न सकिन्छ र हामी गर्न सक्नेछौं ।

» ***तपाईहरूले गर्नुभएको नयाँ संश्लेषणमा खास नयाँपन केही छैन भन्नेहरू पनि छन् नि ?***

उत्तर ६) हाम्रो वैज्ञानिक संश्लेषण र वस्तुवादी विकासलाई बुझेका छद्महरूले यसको लोकप्रियतालाई दखल दिन यसो भनेका छन् । केही 'लद्दुरामहरू'लाई पनि यस्तो लाग्न सक्छ विकासको उचाइ बुझ्न नसकेर । बाँकी क्रान्तिकारीहरूले यसको मर्म र सारलाई ठीक प्रकारले बुझेका छन् । तै पनि म स्पष्ट गर्न चाहन्छु नयाँ संश्लेषणहरू क्रान्ति र माओवादी आन्दोलनका सन्दर्भमा उठेका प्रश्न र भ्रमहरूलाई समाधान दिन र क्रान्तिको बागडोर सम्हाल्नका लागि गरिएका छन् । जसबारे निकै विश्लेषण भइसकेको छ ।

» ***खासमा एकीकृत जनक्रान्ति भनेको के हो ?***

उत्तर ७) एकीकृत जनक्रान्ति भनेको २१औं शताब्दीमा विकास भएको विश्व र यसले सृजना गरेका अर्थ राजनैतिक अन्तरविरोधहरूलाई समाधान गर्ने वैज्ञानिक कार्यदिशा हो । यसले लेनिनले सहरबाट गरेको विद्रोह र माओले गाउँबाट गर्नुभएको दीर्घकालीन जनयुद्धका अनुभव, शिक्षालाई ग्रहण गर्दै आज विकास भएको गाउँ र सहरको एकीकृत विशेषतालाई समाधान गर्नेछ । यसो गर्दा हामीले समाज, श्रमिक वर्ग, अन्तरविरोध, प्रविधिको विकास आदिलाई नयाँ उचाइमा ग्रहण र संश्लेषण गरेका छौं जसको प्रभाव क्रान्तिकारी आन्दालनमा देखिन थालिसकेको छ ।

» ***तपाईहरूको स्थानीय निर्वाचनको पहिलो चरणको खारेजी अभियान कस्तो रह्यो ?***

उत्तर १०) पहिलो चरणको चुनावलाई पार्टीले सशक्त प्रकारले प्रतिरोध र खारेज गरेको छ । यसक्रममा सीसीएम कमरेडहरू सन्देश पौडेल, केशबहादुर बाँठा, चन्द्रबहादुर खड्का, नारायण महर्जन, बन्धु चन्द, सुमन लिम्बुलगायत चार सय वरिपरि नेता र कार्यकर्ता गिरफतार पर्नुभयो; धेरैलाई झुट्टा मुद्दा लगाएको छ; केही कमरेडलाई जेल पठाइएको छ । कालिकोट, मुगुमा जनताले चुनावलाई शानदार रूपले खारेज गर्नुभएको छ । त्यसक्रममा कालिकोट मालकोटमा धनराज बटालाको सहादतसमेत भएको छ । तीन जना (वेशी बिक, पदम बटाला) गम्भीर घाइते हुनुभयो तर बुथ र सबै चुनावी सामग्री कब्जा गरेर खारेज गर्नुभयो । त्यस्तै मुगुमा साहसका साथ बुथका सबै सामग्री कब्जा गरेर खारेज गर्नुभयो । प्रतिरोध त देशैभरी सशक्त प्रकारले भयो । चुनाव भए पनि सत्ता समानान्तर प्रकारले चल्नेछन् ।

» ***यहाँको पार्टीको आगामी कार्यभारका बारेमा बताइदिनुहोस् न ?***

उत्तर ११) नेपालमा दलाल पुँजीवादी संसदीय व्यवस्थालाई समाप्त गर्नु र नयाँ जनवाद वैज्ञानिक समाजवाद स्थापना गर्नु नै पार्टीको आगामी यात्रा हो । यसको लागि हामीले सबै मोर्चा र सबै क्षेत्रबाट सशक्त पहल अगाडि बढाइरहेका छौं । आउँदा दिनमा अरू शक्तिशाली बनाएर लैजाने छौं ।

# भ्रष्टाचार गर्ने र घुसखानेहरुमाथि धमाधम कार्वाही

सरकारी कार्यालयहरुमा बसेर भ्रष्टाचार गर्ने र घुसखानेमाथि नेकपाले ठाउँ-ठाउँमा जनकावाही गरेको छ । यसैविच डोल्पाका स्थानिय विकास अधिकारी सागर मिश्रमाथि नेकपाले जनकार्वाही गरेको हो । आइतवार नेकपा समर्थित युवाहरुले मिश्रको कार्यकक्षमै पुगी कालोमोलो दलेर कार्वाही गरेका हुन् । नेकपा डोल्पाका इन्चार्ज अजितले एक प्रेस विज्ञप्ती जारी गर्दै कर्णाली रोजगार कोषको करोडौं रकम भ्रष्टाचार गरेकोले कार्वाही गरिएको वताउनु भएको छ । साथै जिल्लामा ठेक्का आह्वान गरी स्थानिय विकास अधिकारी मिश्रले करोडौंको रकम हिनामिना गरेको र भ्रष्टचारी, घुसखोरी र जनविरोधीमाथि माथि कार्वाही गर्ने पार्टीको नीति रहेको पनि विज्ञप्तीमा उल्लेख गरिएको छ ।

उता घुस खाने र अनियमितता गर्ने जिल्ला खानेपानी कार्यालय रुकुमका इन्जिनियर संजीवकुमार शाहलाई नेकपा रुकुमले जनकार्वाही गरेको छ । पटक-पटक दिएको चेतावनी अटेर गरेपछि शाहलाई सोमवार कालो मोसो दलेर जनकार्वाही गरिएको हो । विभिन्न खालका योजनाहरुमा पन्ध्रदेखि बीस प्रतिशतसम्म घुस खाएको, घुस



नदिने उपभोक्ता समितिहरुलाई सम्झौताभन्दा निकै कम रकम भुक्तानि गरेको र योजना वितरणमा मोलमोलाई गरेकोले कार्वाही गरिएको नेकपा रुकुमले जनाएको छ । नेकपा रुकुमका सेक्रेटरी चन्द्रवहादुर बुढाले एक प्रेस विज्ञप्ति जारी गर्दै सरकारी तथा गैर सरकारी कार्यालयहरुमा विभिन्न प्रकृतिका उजुरीहरु आफूहरुकहाँ आउने क्रम बढेकोले घुस खाने र दिने जस्ता घृणित हर्कत बन्द गर्न चेतावनी समेत दिनुभएको छ ।

यहि असार २२ गते रुकुममै एकजना इन्जिनियरमाथि पनि जनकार्वाही भएको थियो । जिल्ला विकास समिति रुकुमका सहायक-इन्जिनियर चीताराम खड्कामाथि घुस लिइरहेको अवस्थामा नेकपा समर्थित यूवाहरुले रङ्गेहात फेला पारी कालोमोसो दलेर जनकार्वाही गरेका थिए । सदरमुकाम खलंगामा रहेको मयुर होटेलमा खड्काले घुस लिइरहेको सुचनाको आधारमा स्थानिय युवाहरु होटेल पुगेका थिए । एक उपभोक्ता समितिबाट १ लाख ८० हजार घुस लिदै गर्दा रंगेहात पक्राउ गरेपछि खड्कालाई कालो सहित बजारमा परिकर्मा गराईएको थियो ।

# निजी विद्यालयको लुटतन्त्र

जिपी चौलागाई



हाम्रो मुलुक संक्रमणकालको उत्कर्षमा छ। सङ्क्रमण कालको फाइदा लुट्दै प्रायः सम्पूर्ण बजार काला बजारीयाहरूको कब्जामा छ । कृत्रिम अभाव र आकाशिएको मुल्यवृद्धिले आम उपभोक्ताहरूको दैनिक चल्नै नसक्ने अवस्थामा मात्र पुगको छैन महङ्गीले उठ्नै नसक्ने गरी जनताको ढाड भाँचिएको छ। यसैको शृङ्खला तर अर्कोतर्फ शिक्षा बजारभित्रको शुल्क वृद्धिले आम अभिभावक र विद्यार्थीको समेत ढाड भाँच्ने काम गरेको छ । शिक्षा जस्तो बजारमा पनि अलिकति पनि सेवाभाव झल्कँदैन भने अन्य बजार र यो बजारमा के फरक हो ? अन्य बजारमा जस्तनै वेलगाम महङ्गीले शुल्क वृद्धिले आम अभिभावकलाई थप पीडा थपिएको छ । यो सन्दर्भमा शिक्षा क्षेत्रमा कालोबजार छ र काला बजारीयाहरूको विगविगी मौलाएको छ भन्ने निष्कर्ष अभिभावक र विद्यार्थीहरूले किन ननिकाल्ने ?

हरेक वर्षजस्तै विशेषतः संक्रमणकालको फाइदा उठाउदै यस वर्ष पनि निजी विद्यालयहरूले ६०% शुल्क वृद्धि गरेर शिक्षा क्षेत्रको व्यापारीहरूले आफ्नो कुनियत प्रष्ट पारे। यसलगत्तै निकै प्रताडित अभिभावक र विद्यार्थी संगठनहरू मुख्यत ! क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई खोज्न थाले। आम विद्यार्थी र अभिभावकहरूलाई परेको पीडा विरुद्ध केही त गर्नैपर्छ। यही जिम्मेवारी पूरा गर्ने उद्देश्यले विरोधका विभिन्न चरण पार गर्दै शैक्षिक हड्तालसम्मको प्रतिक्रिया दिन बाध्य भयौं । यो प्रकृतिको संघर्ष हाम्रो रहर प्रचारमा आउने वा कसैको मानसम्मानमा चोट पुऱ्याउने नियत होइन, यो त केवल वाध्यताको उपज हो। यो केही हदसम्म भए पनि अभिभावक र विद्यार्थीहरूलाई केही राहत दिनेसिवाय अरू केही होइन। नियम विपरीत चर्को मात्रामा शुल्क वृद्धिहुँदा सम्म न सरकार, न मानव अधिकारवादी न त सत्ता पक्षिय विद्यार्थी संगठन नै वोले न त वोल्न जरुरी ठाने। बरु उल्टै अभिभावक र विद्यार्थीहरूलाई उत्पीडनमा बाँच्न सिक भन्दै अर्ती दिइरहे । जब सचेत विद्यार्थी संगठन हुनुको नाताले अभिभावकको मर्मबोध गऱ्यो र संघर्ष थाल्यौं तब व्यापारीको लुटलाई सेवा गर्ने कतिपय मान्छेले कथित बालअधिकार मानवअधिकार र अराजक गतिविधि जस्ता वाइयात बोली निकाल्दै आक्रमण गर्न थाले। इतिहासमै शायद पहिलोपटक एउटै मात्र माग त्यो पनि पूर्णतः शैक्षिक माग, जसले अभिभावक र विद्यार्थीहरूलाई विशुद्ध राहत दिने उद्देश्यले अखिल (क्रान्तिकारीले) संघर्ष संचालन गरेको छ। यो शान्तिपूर्ण प्रकृतिको माग र संघर्षलाई सही ढंगले बुझ्ने र तत्काल सम्बोधन गर्ने स्थिति बन्दैन भने संघर्ष निकै आक्रमक र थप प्रतिरोधी बन्न जरुरी हुन्छ। यसको तागतले सम्पूर्ण नाफाखोर शैक्षिक व्यापारीहरूलाई एउटै चिहान बनाउनेछ । यदि विद्यालय छिटो खोल्ने हो भने आजै अन्यायपूर्ण ढंङ्गबाट गरिएको शुल्कवृद्धि फिर्ता गरौं । यसको एक मिनेटमा नै घोषणा गरिएका सम्पूर्ण कार्यक्रम फिर्ता हुनेछन्।

एकातिर निजी विद्यालयलाई संचालन गर्नका लागि बनेको शिक्षा निर्देशिका र नियमावली आफैमा अवैज्ञानिक विभेदपूर्ण र खुल्ला व्यापार गर्न छुट दिनेखालको छ भने अर्कोतिर शिक्षा व्यापारीहरूले मनपरी शुल्क शीर्षक र रकम असुल्ने उपायको खोजीमा शिक्षा नियमावली र निर्देशिकालाई नै निकम्मा बनाउदै हिडिरहेका छन् । नियमावलीमा शुल्क बारे शिक्षा नियमावलीमा भनिएको छ कि कुल दुई महिनाको पढाइशुल्क (मासिक शुल्क) बराबरको रकम नबढाईकन खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, ममर्तसम्भार, पुस्तकालय र प्राथमिक उपचारवापत वार्षिक शुल्क लिन पाइनेछ तर निजी विद्यालयहरूजस्तै, प्रिमियर, जेम्स, शुभतारा, पाठशाला, काष्ठमाण्डप, यूरो किड आदिले १ लाख देखी १ लाम पचास हजारसम्म वार्षिक शुल्क शीर्षकमा रकम असुलेका छन् भने माथि उल्लेख भएका शीर्षकमा समेत थप शुल्क लिने गरेको प्रमाण हामीसँग छदैछ। यसैगरी नियमावलीको अर्को बुँदामा उल्लेख गरिएको छ कि विविध शुल्क भनेर किटानीका साथ सात शीर्षकजस्तै परीक्षा शुल्क, कम्प्यूटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क भनेर तोकिएकोमा आधिकांश निजी विद्यालयहरूले यो भन्दा ५ गुणा बढी ३६ वटा शुल्क शीर्षक बनाएर अभिभावकसँग रकम लुट्ने प्रक्रिया जारी राखेका छन्। त्यसैगरी एकजना विद्यार्थी शुरुको वर्ष भर्ना भएपछि त्यही विद्यालयमा अर्को वर्ष पुनः भर्ना हन नपर्ने व्यवस्था शिक्षा नियमावलीमा छ तर एउटै विद्यार्थीलाई हरेक वर्ष भर्ना गर्ने नाममा निकै मोटो रकम लुट्ने गरेको प्रमाण पनि कतै लुकेको छैन। निजी विद्यालय संचालकहरूको खुलेआम लुट, ब्रह्मालुट र अभिभावकहरूको रगत पसिनाबाट रातारात धनी बन्ने क्रियाकलापलाई कति दिन सहेर बस्ने ?

धन सम्पति भएका अभिजात वर्गमा जन्मेका धनी वा आमाका छोराछोरीहरूको भविष्य सुरक्षित गर्ने ठेक्का पाएका त्यस्ता विदेशि गल्लीहरूको नाम राखी गुणस्तरका नाममा लाखौंलाख रकम निरन्तर लुटिरहेका छन् । साथै पैसा लगानी गर्न नसक्ने गरीबहरूलाई असक्षम र असफलताको टिका लगाइदिदैछन् । त्यसकारण विद्य(ालय जाने उमेर समूहका सम्पूर्ण नेपालीका छोराछोरीहरुलाई समान मनोविज्ञान, सम्मान वातावरणमा राखेर राज्यले विद्य(ालयतहको शिक्षा दिन सकेन र यस्तै विभेदकारी शिक्षा नितीलाई बढवा दिइरहयो भने हाम्रो मुलुक पूर्ण अशान्तिको दिशातिर मोडिने छ ।

निजी विद्यालय शुल्क निर्धारण वा वृद्धि गर्ने अनुमति दिनुभन्दा पहिला अनिवार्य जिल्ला शिक्षा कार्यालयले ती विद्यालयहरूको स्थलगत निरीक्ष(ा र अनुगमन गर्नुपर्ने हुन्छ तर सबै विद्यालयमा पुगेर निरिक्षण गरीदैन। विना अध्ययन वा निरीक्षण के आधारमा शुल्क वृद्धि गर्न अनुमति दिनेछु। शिक्षा व्यापारीहरूले कागजमा भरेर पठाएको सामग्रीको आधारमा माग शुल्क वृद्धि गर्ने प्रचलनले निजी विद्यालयलाई अराजक र बेथितिपूर्ण बनेका छन्।

जग्गा दलाली वा होटल व्यवसायबाट असफल भएर भौतारिदै दिशाविहीन भएका मान्छेहरूले शिक्षा क्षेत्रमा हात हाल्न पुग्छ। उसको आय श्रोत एउटै हुन्छ कि त्यो हो अभिभावकले तिरेको शुल्क । एउटै श्रोतबाट त्यो असफल व्यवसायी १/२ वर्षमा सफल व्यवसायी मा परिणत हुन्छ। उसका क्रियाकलाप हेर्दा, चढेको गाडी हेर्दा, उसको राजसी जीवन हेर्दा ऊ एउटा भव्य सफल व्यापारीको रूपमा आफुलाई परिणत गर्दै धनाढ्य वर्गमा उक्लिएको छ। अभिभावकको रगत पसिनाबाट मुलुक मोटाएको भए सबैले स्विकार गर्थे तर यहाँ त व्यक्ति मोटाउने अनि विद्यार्थी र तिनका आमा, बाबा दुब्लाउँदै जाने अवस्था आयो । यो उत्पीडन कम कहालीलाग्दो भने छैन। यस्तो अवस्थामा पनि शिक्षा व्यापारीहरू शुलेआम, गर्वका साथ भाषण गर्छन् हाम्रै पौरखले, पसिनाले हामी मोटाएका हौं। शिक्षा क्षेत्रको यस्ता अराजकतालाई राज्य वा सरकारले टुलुटुलु हेरेको मात्र छैन की तिनै शैक्षिक माफियाहरूको पक्षमा उभिन पुगेका छन् । उपल्लो वर्गका मान्छेहरू त्यही लुटका हिस्सेदार बनिरहेका छन् । यस्तो अस्तव्यस्त र ब्रह्मालुटको अन्त्य नगर्नु हो भने हाम्रो मुलुकमा न त शान्ति आउँछ न त समृद्धि नै । विभेदकारी शिक्षा नीति नै अशान्ति वा वर्ग निर्माणको जननी भएको तथ्यलाई हामी सबैले समयमा नै बुझौं र बुझाउने कोसिस गरौं ।

हाम्रो राज्य, सरकार र त्यसका मातहतका निकाय वा संरचनाहरू वा व्यक्तिहरूभित्र जबरजस्त गलत सस्कार मौलाउदै गइरहेको छ। यिनीहरूले शान्तिपूर्ण आन्दोलन वा शालिन सङ्घर्षलाई कमजोरी ठान्छन् र एक मिनेट समय छुट्याएर माग बुझ्ने कोशिस समेत गर्दैनन्। समय गुज्रन्छ, माग राखेर सङ्घर्षमा उत्रिएको शक्ति बाध्यतावश क्रियात्मक संघर्षमा जस्तै ! बन्द, हड्ताल, तोडफोड, आगजानीमा प्रवेश गर्छ अनी मात्र सम्बन्धित निकाय सल्बलाउन थाल्छ। यस्तो सल्बलाई समस्या हल गर्न वा यस्तै प्रकृतिको समस्या भोली नदोहोरीने गरी सम्बोधन गर्नका लागि नभई बरु जसरी भए पनि घोषित सङ्घर्ष तुहाउन वा रोक्न वा फिर्ता लिन लगाउनका लागि जुनसुकै सम्भौतामा पनि हतार हतार सहमती गरी हाल्ने दृष्टान्त इतिहासका धेरै घटनाले पुष्टि गरेको छ। जब सहमती पछि सङ्घर्षका कार्यक्रम फिर्ता हुन्छन् त्यसपछि सहमती कार्यान्वयनतिर एक पाइला पनि अगाडी बढाउदैन। जिम्मेवारी लिएका मान्छेहरू मस्तसँग सुत्छन र उही संघर्ष, तोडफोड र आगजानी अनि फेरी सहमती। कहिल्यै अन्त्य नहुने अनन्त प्रक्रिया । यदि हामी सबैले यो प्रकृतीको गलत संस्कारलाई बदल्न सक्दैनौ भने हामी लुटिने प्रक्रियाको अन्त्य हुनेछैन त्यसकारण हामी निर्णायक धक्काको रूपमा संघर्षर्ला उचाइमा उचालौ।

शहरका ठूला निजी विद्यालयहरू सेनाका मुख्यालय जस्तै तारवार र कडा सुरक्षा घेराभित्र चलाएका छन्। सामान्य जनताका छोराछोरीहरूले टाढैबाट ति विद्यालय हेऱ्यो भने पनि अपराधी ठहरिन्छन्। धन सम्पत्ति भएका अभिजात वर्गमा जन्मेका धनी वा आमाका छोराछोरीहरूको भविष्य सुरक्षित गर्ने ठेक्का पाएका त्यस्ता विदेशि गल्लीहरूको नाम राखी गुणस्तरका नाममा लाखौंलाख रकम निरन्तर लुटिरहेका छन् । साथै पैसा लगानी गर्न नसक्ने गरीबहरूलाई असक्षम र असफलताको टिका लगाइदिदैछन् । त्यसकारण विद्यालय जाने उमेर समूहका सम्पूर्ण नेपालीका छोराछोरीहरूलाई समान मनोविज्ञान, सम्मान वातावरणमा राखेर राज्यले विद्यालयतहको शिक्षा दिन सकेन र यस्तै विभेदकारी शिक्षा नितीलाई बढवा दिइरहयो भने हाम्रो मुलुक पूर्ण अशान्तिको दिशातिर मोडिने छ । त्यसैले हाम्रो दृष्टिकोण र योजना यो छ कि कम्तीमा विद्यालयतहको निजी शिक्षाको अन्त्य, समान मनोविज्ञान र समान गुणस्तरको निःशुल्क शिक्षा, दिने व्यवस्था राज्यले गर्नुपर्दछ । चालु संघर्ष वा हड्तालले अप्रत्यक्ष रूपमा उपयुक्त दृष्टिकोणसँग सम्बन्ध राखे तापनि यो प्रत्यक्ष सुधारको र विशुद्ध शैक्षिक आन्दोलन नै हो। यसको एक मात्र उद्देश्य भनेको उत्पीडित अभिभावक र विद्यार्थीहरूलाई केही हदसम्म भए पनि राहत उपलब्ध गराउनुभन्दा दोस्रो केही छैन। वृद्धि गरिएको शुल्क फिर्ता गरौँ, स्वत संघर्षका कार्यक्रम फिर्ता हुनेछ।

# निर्वाचन परिणामको रुझान र खोरेजीको औचित्य



◆ समिर यात्री

संसदवादीहरूले दलाल संसदीय सत्ताको चुनावी गर्जो टार्ने काम गरेका छन ।  जनताको क्रान्तिकारी संघर्षद्वारा २ दशक अघि नै ध्वस्त पारिएको प्रतिक्रियावादी सत्ताको स्थानिय तह आज नयाँ रंगरोगनकासाथ पुनस्थापित गर्न यो चुनावी नाटक मञ्चन गरिएको हो । जनयुद्धको नेतृत्व गरेको प्रचण्ड बाबुराम सहितको एउटा हिस्सा आत्मसमर्पण र गद्धारी गर्दै दलाल संसदवादको कारीन्दाको रूपमा पतन हुन पुगेसंगै क्रान्तिकारी आन्दोलनमा उतारको अवस्था आयो। देशी विदेशी प्रतिक्रान्तिकारी शक्तिहरूले प्रचण्ड बाबुराम रूपी घोडामा लगाम कस्दै पुरानै सारतत्वको संसदीय व्यवस्थालाई पुनस्थापित र सुदृढ गर्ने प्रपञ्च अगाडि बढाए। भरखरै सम्पन्न स्थानिय चुनावको नौटंकी यसै प्रक्रियाको अभिन्न अंग हो।

खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बच्ने थलोको रूपमा बदनाम यो संसदीय व्यवस्था हाम्रो सन्दर्भमा असफल र अफापसिद्ध भईसकेको तथ्य विगत ३ दशकको अभ्यासबाट पुष्टि भइसकेको हो। आज यो दलाल संसदवादमा पतन हुन पुगेको छ। यस अर्थमा यो विगतको परमपरागत संसदीय प्रणाली भन्दा अझ बढी घातक छ। विगतमा अभ्यास गरिएको संसदीय प्रणालीमा भारतीय विस्तारवाद र घरेलु सामन्तबादको संयुक्त अधिनायकत्व कायम थियो । नायणहिटी दरबार ढले संगै आज दिल्ली दरबारको एकल अधिनायकत्व कायम हुन पुग्यो। यस अर्थमा यसलाई दलाल संसदवाद भनिएको हो।

चुनावको सेरोफेरोमा देखा परेका केही परिदृश्यहरूले दलाल पुजीबादको नेपाली आयमलाई नै अभिव्यक्त गरेका छन। जस्तो कि,

१) **दर्शनको अवसान** : राजनितिक दलहरू दलालको रूपमा पतन भइसकेपछि उनीहरू आफ्नो राजनितिक विचारधारा , चिन्तन, आदर्श, निष्ठा र इमानबाट समेत च्युत हुन पुग्दछन । यो भनेको दर्शनको अवसान हो । चुनावमा कांग्रेस-माओवादीकेन्द्र, एमाले -राप्रपा, फोरम-नयाँ शक्ति आदिमा देखा परेको अस्लील गठजोड यसैका उपज हुन। यसले दलहरूको स्वत्व र स्वाभिमानको समेत अत्य गरिदिएको छ।

२) **निर्वाचन आचारसंहिता उलघंन** :यस विचमा संसदवादीहरू आफैले आफ्नै लागि बनाएका निर्वाचन आचारसंहिता भंग गर्ने काम धेरै ठाउँमा गरे । तर यी विषय कसैले उठाउन चाहेनन । बहालवाला मन्त्रीहरू विकासका ललीपप बाड्दै टोलटोल सम्म पुगे। हेलिकप्टर चार्टर गर्दै एकै दिनमा दर्जनौ चुनावी सभालाई सम्बोधन गर्न भ्याए। लाखौ करोडौ पैसाको खोलो बगाएर नेता कार्यकर्तादेखि मतदाता सम्मको हाटबजार लगाइयो। यति सम्मकि पार्टीका चुनाव चिन्ह सहितका नक्कली लालपुर्जा बाड्ने काम समेत भयो।

३) **धाँधली र कब्जा** : यस विचमा विशेष गरी रुकुम रोल्पातिर माकेले अन्य दलहरूलाई नजरबन्दको अबस्थामा राख्यो भने अन्य ठाउँमा अरूले पनि माकेमाथि भौतिक आर्कमणमा उत्रिएका घटनाहरू सार्वजनिक भए । खास गरी सत्ताको दुरूपयोग भरपुर मात्रामा भयोृ । भरतपुरको घटना यसको प्रतिनिधि उदाहरण होृ। यी सबै घटनाले संसदवादीहरूको कथित लोकतन्त्रको मुकुण्डो उदाँगो पारिदिएको छ।

४) **बन्दुकको मोहरीभित्र चुनाव** : चुनावको निमित्त सेना परिचालन गरियो। सुरक्षकर्मीलाई आदेश विनानै गोली ठोक्न पाउँने अधिकार प्रदान गरियो। चुनाव खारेज अभियानमा रहेको नेपाल कम्युनिस्ट पार्टीमाथि अघोषीत प्रतिबन्ध लगाउदै देशै भरि नेता कार्यकर्तालाई गैरकानुनी गिरफ्तार गर्ने , झुठ्ठा मुद्धामा फसाउने सम्मका हर्कत गरियो। कालिकोटको माल्कोटमा प्रहरी लगाएर घर-घरबाट जनतालाई निकाली मतदान गर्न बाध्य पारिएपछि जनताले प्रतिरोध गर्दा गोली चलाइयो। प्रहरीको गोली लागेर एकजनाको हत्या भयो र कयौ घाइते भए।

कुनै पनि दलले चुनावमा सहभागि हुन पाउने या अस्वीकार गर्ने उसको लोकतान्त्रिक अधिकार हो। त्यसै गरी चुनावमा मतदान गर्ने या नगर्ने जनताको अधिकार लोकतन्त्रले सुनिश्चित गर्नु पर्दछ। लोकतान्त्रिक गणतन्त्र भनिएको यो दलाल पुजीवादी सत्ताले आफ्नै लोकतन्त्र र संविधानको समेत धज्जी उडाउदै

बन्दकुको मोहरीभित्र चुनावी नाटक मञ्चन गऱ्यो। यस अर्थमा यो जनताको होइन , दलालहरूको तन्त्र हो भन्ने कुरा व्यवहारीक रूपमै पुष्टी भएको छ। यो दलाल संसदवादको नेपाली आयम सबैले देख्न र बुझ्न सक्ने गरी प्रकट भएको छ।

दलाल संसदवादीहरूको घटिया खेलखण्डको बाबजुद चुनावी नतिजाको रुझाम जे जस्तो देखा पऱ्यो ,यो नितान्त स्वाभाविक छ। जतिसुकै होहल्ला गरिए पनि बालिग मताधिकार प्रयोग गर्न सक्ने देशभित्रकै जनशक्तिको आधा हिस्सा पनि मतदानमा सहभागि भएको छैन । शासकहरूद्वारा लाज छोप्नलाई गरिने हिसावसँग यसको कुनै सरोकार छैन।


मतदानमा सहभागि जनताको मनोविज्ञान मतपरिणामको रुझानमा अभिव्यक्त हुने गर्दछ। यसरी हेर्दा :

१) कुनै पनि संसदवादी शक्तिप्रति जनताको आशा, भरोसा र विश्वास रहेको देखिदैन्। चुनावैपिच्छे हरेक दलहरूको आकारमा हेरफेर हुन पुग्नु तर स्पष्ट बहुमत कसैको पक्षमा नदेखिनुले यसै कुराको पुष्टि गर्दछ। 'सबै उस्तै हुन , एउटालाई भोट दिने हो, उस्लाई जित्न दिनुभन्दा यसैलाई दिऔं ' भन्ने मानसिकता यो नतिजाको प्रमुख रुझान हो । यो मानसिकताभित्र वर्तमान संसदवादी प्रणालीप्रतिको असन्तुष्टी र क्रान्तिकारी विकल्पको खोजी अन्तरनिहित छ।

२) राष्ट्रिय स्वाधिनता, अखण्डता र देशभक्तिपुर्ण भावना यो नतिजाको दोस्रो रुझान हो । वास्तवमा नेपाली समाज राष्ट्रिय स्वाधिनता , एकता र अखण्डताप्रति निकै सचेत छ। राष्ट्रिय एकता र सामाजिक सद्भाव खलबल्याउने गरी उठाएका क्षेत्रियतावादी र पहिचानवादी मुद्धाहरूले समाजलाई चिन्तीत बनाएको यो अवस्थामा मतदानको नतिजामा देशभक्तिपूर्ण रुझान सशक्त रूपमा देखा पर्नु स्वभावविक छ । तर यो सामाजिक मनोविज्ञानबाट चुनावी फाईदा उठाउनेहरूले खास अर्थमा यो रुझानको प्रतिनिधित्व गर्दैनन् भन्ने कुरा बुझ्न धेरै समय लाग्ने छैन। किनकी यी सबै संसदवादीहरू निगम पुजीवादका कारीन्दा हुन। निगम पुजीवाद हाम्रो सन्दर्भमा दलालपूजीवाद नै हो।

यहासम्म आईपुग्दा दलाल संसदवादीहरूको लोकतान्त्रिक गणतन्त्र वेनाकाव हुन पुगेको छ । जनताको आँखामा छारो हाल्नको लागि निर्माण गरिएको यो संघिय संरचना सफल हुने त परको कुरा छ, राष्ट्र र जनताको लागि घाँडो हुने निश्चित छ। दुनियामा दलाल पुजीवादले कतै पनि राष्ट्र र जनताको भविष्य सुरक्षित गरेको छैन। नेपाल त्यसको अपवाद हुन सक्दैन। मानव जातिको भविष्य वैज्ञानिक समाजवादमा मात्र सुरक्षित हुन सक्दछ। दलाल संसदवादको भुलभुलैयामा रुमलिएर होइन ,मानव जातिको सर्वोत्तम सभ्यता वैज्ञानिक समाजवाद निर्माणको दिशामा अगाडी बढेर मात्रै सबै प्रकारका खरावीहरूको अन्त्य गर्न सकिन्छ। यस अर्थमा दलाल संसदीय प्रणाली भित्रको चुनाव खारेजीको औचित्य सानदार ढंगले पूष्टी भएको छ।

# कूटनीतिको परिधिभन्दा परको सम्बन्ध



मुहम्मद नवाज सरिफ (Muhammad Nawaz Sharif)

जनवादी गणतन्त्र चीनका राष्ट्रपति सि जिङपिङ हालै सम्पन्न पाकिस्तान भ्रमण निःसन्देह दुई वर्षबीचको कूटनीतिक सम्बन्धको व्यापक विस्तारमा कोशेढुंगा सावित भएको छ। सो भ्रमणले दुई देशबीचको सम्बन्धको मात्र नभई दक्षिण एशियाली क्षेत्र र केन्द्रीय एशियाको भू-राजनीति, आर्थिक र सुरक्षा चासोमा प्रतिबद्ध रहने नयाँ तहको रणनीतिक सहकार्यको तहलाई उकासेको छ।

क्षेत्रीय सम्बन्धका लागि चीनले अघि सारेको नयाँ दृष्टिकोणसँग हामी आफै जोडिन पाएकोमा हामी गौरवान्वित भएका छौं। साथै पुरानो रेशम मार्गको पुनः स्थापना र चीन-पाकिस्तान आर्थिक मार्गको निर्माणमार्फत् प्राप्त आर्थिक समृद्धिको हिस्सा बन्न पाउँदा हामी खुशी छौं। चीनको फैलिंदो आर्थिक विकास र बदलिंदो आर्थिक तथा विश्वव्यापी वास्तविकताबाट निर्देशित यी ऐतिहासिक कदमहरूले आपसी आर्थिक हितका लागि आजसम्म उपयोगमा नआएका स्रोतको सदुपयोगका लागि असीमित अवसरहरूको ढोका खोलेका छन्।

चीन-पाकिस्तान आर्थिक मार्गको छातामुनिका परियोजनाहरूको समापनले पाकिस्तानको आर्थिक अवस्थामा क्रान्तिकारी पैभाव पार्नेछ। आफ्नो पाकिस्तान भ्रमणको सिलसिलामा सिले ठीक ढंगले औल्याउनु भएजस्तै त्यसले पाकिस्तानका चार ओटा प्रान्तहरूका जनताको जीवनमा दीर्घकालीन प्रभाव पार्नेछ। चीन-पाकिस्तान आर्थिक मार्गले पाकिस्तानलाई त्यस क्षेत्रको आर्थिक केन्द्रको रूपमा विकास गर्नेछ। जसले बाह्रैमास आर्थिक फाइदा गर्नेछ। यसबाट पक्कै चीनलाई पनि धेरै हिसाबबाट फाइदा गर्नेछ। यो अवस्थाले चीनलाई अरब सागरको सबभन्दा छोटो बाटो आफ्नो लागि सुरक्षित गरेर विश्वव्यापी तहमा आफ्ना व्यापारिक हितलाई फैलाउन सक्ने राम्रो स्थानमा पुऱ्याउनेछ। साथै चीनले आफ्ना औद्योगिक मेसिनहरूका लागि कम लागत र समयमा तेल ल्याउन सक्नेछ। वास्तवमा यो अवस्था चीन र पाकिस्तान दुवै एवं यस क्षेत्रका सबै देशका निम्ति हितकारी हुनेछ।

पाकिस्तान प्राकृतिक रूपमा सम्पन्न देश हो। एशियाका तीन प्रमुख उपक्षेत्रहरू जोड्ने पाकिस्तानको भू-रणनीतिक अपस्थितिले हामीलाई विशिष्ट सुविधा प्राप्त छ। यी नै विशिष्ट अवस्थाका कारण चीन जस्तो हाम्रो मित्रलाई आफ्नो आर्थिक र रणनीतिक लक्ष्य प्राप्तिको निम्ति हामीले सहयोग गर्न सकेकोमा हामी गौरव महशुस गर्दछौं।

यतिबेला पाकिस्तान आतङ्कवादविरुद्ध आक्रामक युद्धमा संलग्न छ। आतंकवाद यो क्षेत्रको शान्ति, सुरक्षा र सुखमा ठूलो चुनौति बनेको छ। कहीं बढी र कहीं घटि हुनसक्छ तर लगभग यो क्षेत्र पूर्ण रूपमा आतंकवादबाट पिरोलिएको छ। आतंकवादविरुद्धको युद्धमा पाकिस्तानमा अग्रभागमा भिडिरहेको देश भएको कारण यो युद्धमा पाकिस्तानले ठूलो आर्थिक क्षति भोगेको छ। देशको सुरक्षा व्यवस्थामा आतंकवादको नकारात्मक दुष्प्रभाव झेलिसकेको देश भएका कारण सिनचियाङ (उइगुर स्वशासित क्षेत्र) मा सुरक्षा चुनौतिबारे चिनियाँ चासोको मर्म हामीले बुझेका छौं। सिनचियाङको समस्या पुर्वी तुर्किस्तान इस्लामिक आन्दोलन ईटीआईएम ९भ्त्क्ष्० को आतंकवादी क्रियाकलापको परिणाम हो। इटीआईएम ९भ्त्क्ष्० को खतरा सामना गर्न हामी चीनको पक्षमा उभिएका छौं। पाकिस्तान र चीनको सुरक्षा चासो एक अर्कासँग अन्तरसम्बन्धित छन्। आतंकवादको प्रतिरोधमा हाम्रो पहलप्रति चिनियाँ राष्ट्रपतिले व्यक्त गर्नुभएको प्रतिवद्धता र समर्थनको हामी प्रशंशा गर्न चाहन्छौं। यो साझा चुनौती सामना गर्न द्वितीय तहमा र यस क्षेत्रमा देशहरूको सहकार्यात्मक प्रयास मार्फत् काम गर्ने दृढताको हामी प्रशंशा गर्न चाहन्छौं।

> *चीनलाई एक्लाउने प्रयासको विपक्षमा पाकिस्तानले रचन(त्मक भूमिका खेल्यो, सारा अमेरिकासँग मैत्रीपूर्ण सम्बन्ध बनाउन तथा संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको स्थायी सदस्य बनाउन चीनलाई सहयोग गऱ्यो । पाकिस्तान एक चीन नीतिको बलियो समर्थक हो । दुई देशबीचको सम्बन्धको महत्वपूर्ण पक्ष भन्नु नै जनता जनताबीच सौहार्दपूर्ण सम्बन्ध हो- हृदय र विवेकको सम्बन्ध हो ।*

पाकिस्तान दृढतापूर्वक विकासको लागि शान्तिमा विश्वास गर्दछ र मेरो सरकार यो लक्ष्य प्राप्तिको लागि दिलो ज्यानले लागिपरेको छ। यो प्रयासले अफगानिस्तानसँगको सम्बन्ध सुधारमा मद्दत गरेको कुराले म हर्षित छु। फलतः आपसी विश्वासमा आधारित सहकार्यको सम्बन्ध विकासको वातावरण बनेको छ। मूलतः आतंकवादको प्रतिरोधको सन्दर्भमा यस्तो अवस्था बनेको छ। पाकिस्तान आफगानी नेतृत्वको र आफगानी स्वामित्वको अफगानिस्तानमा चालु शान्ति प्रक्रियाको समर्थन गर्दछ र यो क्षेत्रको सुरक्षा चुनौतिलाई मत्थर पार्नका साथै आपसी आर्थिक समृद्धिको क्षमता विकासका लागि आफगानिस्तानमा शान्ति नै सबभन्दा महत्वपूर्ण कुरो भएकोमा विश्वास गर्दछ। अफगानिस्तानमा पूर्वाधार पुनः निर्माणमा चीनको चासो र सहभागिता एवं त्यहाँको शान्ति प्रक्रियामा चीनको समर्थनले शान्ति र विकासको साझा लक्ष्यमा सफलताको सम्भावनालाई ठूलो अनुपातमा बढाएको हाम्रो विश्वास छ।

राष्ट्रपति सिको पाकिस्तान भ्रमणको क्रममा दुई देशबीच आर्थिक तथा सुरक्षा सम्बन्ध थप कसिलो बनाउने विषयमा भएको समझदारी र आपसी रणनीतिक सहकार्य थप बढाउने विषयमा नियमित संवाद र सल्लाह गर्ने प्रतिवद्धता पाकिस्तानको लागि ठूलो उत्साहको विषय बनेको छ। त्यस्तै हातहतियार नबेच्ने, आणविक आपुर्तिकर्तासँगको संलग्नता र शाङ्घाई सहयोग संगठनको पूर्ण सदस्यताको लागि हाम्रो प्रयासलाई सफल बनाउने विषयमा चीनले व्यक्त गरेको प्रतिबद्धता पनि उत्तिकै उत्साहप्रद छ। शान्ति र सुरक्षाको लागि क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्र परिचालन गर्ने र बलियो बनाउने हाम्रो निर्विवाद धारणा, सदस्य देशहरूका चासो बुझ्ने मामिलामा संयुक्त राष्ट्र संघमा सुधार तथा न्यायपूर्ण विश्व व्यवस्था स्थापनाले दुई देशको मित्रताको रुखलाई हुर्काउन आवश्यक पौष्टिक आहार प्रदान गर्दछ। ककेसियाको मैदानदेखि अरब सागर र प्रशान्त महासागरको तटसम्म फैलिएको एशिया महादेशको स्थायित्व र आर्थिक समृद्धि धेरै अर्थमा पाकिस्तान र चीनबीच बलियो र चालु सम्बन्धमा निर्भर रहन्छ।

राष्ट्रपति सिले राष्ट्रिय पुनः जागरणको चिनियाँ सपनाको दूरदर्शी घोषणाले चिनियाँ जनतालाई मात्र प्रेरित गरेको छैन बरु संसारभरका विकासशील देशहरूलाई उत्साहित बनाएको छ। यो क्षेत्रको शान्ति र समृद्धिको यो दृष्टिकोणलाई हामी अवलम्बन गर्न चाहन्छौं। साथै सहकार्यको भावनामा उभिएर चीनले छिमेकी देशहरूसँग सम्बन्ध विस्तार गर्नेमा राष्ट्रपति सिको जोडको हामी स्वागत गर्न चाहन्छौं। त्यसकारण चिनियाँ राष्ट्रपतिको नयाँ एशियाली सुरक्षाको अवधारणाको हामी पूर्ण रूपमा समर्थन गर्दछौं। एशियाली पूर्वाधार लगानी बैङ्क ९ब्क्षक्ष्द्य० बनाउन चिनियाँ अगुवाई यही धारणाको कार्यान्वयन तर्फको वास्तवमै सकारात्मक कदम भएको पाकिस्तानले महशुस गरेको छ कुनै पनि देशको दिगो आर्थिक विकास प्रक्रियाको सुरुमा पूर्वाधार सबैभन्दा अपरिहार्य आवश्यकता हो। धेरै एशियाली देशहरूसँग आफ्नो आर्थिक लक्ष्य हासिल गर्न आवश्यक पूर्वाधारहरू छैनन्। उनीहरूसँग त्यस्ता पूर्वाधार आफै विकास गर्न आवश्यक स्रोत पनि छैन। एशियाली पूर्वाधार लगानी बैङ्कले पूर्वाधार विकासको लागि आवश्यक स्रोत अन्य ऋणदाता निकायहरूको तुलनामा कम ब्याज दरमा उपलब्ध गराउन ठूलो भूमिका निभाउनेछ। यसले ऋणदाता निकायहरूबीच स्वस्थ प्रतिष्पर्धालाई प्रोत्साहित गर्नेछ। अनि ऋण लिने देशहरू पनि आफूलाई आवश्यक ऋण सुरक्षित गर्ने मोलमोलाई गर्न सक्ने राम्रो अवस्थामा रहनेछन्। चीनले सिकाएको यो कदमले क्षेत्रीय सम्बन्ध, आर्थिक अन्तरनिर्भरता र परिणामतः एशियाली देशहरूबीच आर्थिक एकता बनाउन एउटा महत्वपूर्ण पाइला हुने पाकिस्तानको धारणा छ। यो सम्पूर्ण महादेशमा शान्तिको लागि एउटा अग्रदूत प्रमाणित हुनेछ।

चीनसँगको सम्बन्ध पाकिस्तानको विदेश नीतिका काशेढुंगा हुन्। तीन नीतिहरूले समयका पदचाप बुझेका छन् र सन् १९५१ मा दुई देशबीचको सम्बन्ध स्थापित भए यता यसको रेखाचित्र क्रमशः उकालो लागेको अवस्था छ। चीनले पाकिस्तानको क्रमिक आर्थिक प्रगतिमा ठूलो मात्रामा योगदान पुऱ्याएको छ, सुरक्षा क्षमता वृद्धि गर्नमा पाकिस्तानलाई अमूल्य सहयोग गरेको छ र पाकिस्तानको चासोको कुनै पनि विषयमा निसंकोच समर्थन गरेको छ। त्यस्तै चीनलाई एक्लाउने प्रयासको विपक्षमा पाकिस्तानले रचनात्मक भूमिका खेल्यो, सारा अमेरिकासँग मैत्रीपूर्ण सम्बन्ध बनाउन तथा संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको स्थायी सदस्य बनाउन चीनलाई सहयोग गऱ्यो। पाकिस्तान एक चीन नीतिको बलियो समर्थक हो। दुई देशबीचको सम्बन्धको महत्वपूर्ण पक्ष भन्नु नै जनता जनताबीच सौहार्दपूर्ण सम्बन्ध हो- हृदय र विवेकको सम्बन्ध हो। पाकिस्तानको चित्रण राष्ट्रपति सिले भन्नुभएको 'फलामे मित्र' शब्दबाट चित्रित भएको छ। यो भावना आपसी भावना हो। पाकिस्तान-चीन मित्रता जिन्दावाद!

A Relationship beyond the realm of diplomacy
BEIJING REVIEW
My 14, 2015, vol 20, No. 14

# विश्वमञ्चमा अमेरिका एक्लियो

◆ एजेन्सी

जर्मनी, ह्याम्वर्गमा भएको जलवायु परिवर्तनसम्बन्धी जी २० राष्ट्रहरूको बैठकमा अमेरिका एक्लिएको छ। सोसम्बन्धी घोषणा पत्रमा विश्वका ठूला औद्योगिक देशहरू चीन, रुस, फ्रान्स, जर्मनी, बेलायत, जापानलगायतका १९ देशहरू पेरिस घोषणा पत्रको पक्षमा र अमेरिकाका विपक्षमा उभिएको छ। फ्रान्सले ट्रम्प प्रशासनको निर्णयको चर्को आलोचना गरेको छ। ट्रम्पको गैरजिम्मेवार वक्तव्यप्रति अमेरिकी बुद्धिजीवीहरू नै उत्रन थालेका छन्। आयोजक राष्ट्र जर्मन चान्सलर एन्जेला मार्केलले "दुर्भाग्यबस म राष्ट्रपति ट्रम्पको अभिव्यक्तिप्रति खेद व्यक्त गर्दछु। अमेरिकाले पेरिस सहमतिलाई त्यागेको छ तर हामी पेरिस सम्झौतामा प्रतिवद्ध छौं र यसलाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ" भनिन्। त्यसैगरी फ्रेन्च राष्ट्रपति इम्मानुयल माक्रोनले "हाम्रो विश्व यसअघि कहिल्यै यस्तरी विभाजित भएको थिएन" भनेका छन्। एकातिर सहयोगी देशहरूको आलोचना अर्कोतिर पुँजीवाद विरोधी प्रदर्शनका कारण शिखर सम्मेलन नै छायाँमा परेको छ। प्रदर्शनकारीहरू अमेरिकाप्रति खनिएका थिए। उनीहरूले 'स्वर्गमा स्वागत छ' लेखेका नारा बोकेका थिए। शहरमा नियन्त्रण र शान्ति कायम गर्न जर्मन सरकारलाई हम्मेहम्मे परेको थियो। यो घटनालाई विश्व राजनीतिमा अेरिकी बर्चश्व घट्दै गएको र विश्व बहुध्रुवमा लम्किदै गएको घटनाका रूपमा हेरिएको छ। ट्रम्पले भने आफ्नो देश 'संसदवाद' को विपक्षमा रहेको प्रष्टोक्ति दिएका थिए। अमेरिका अब विश्वको सिपाही बन्न नसक्ने स्वीकारोक्तिको रूपमा हेरिएको छ। अमेरिकाले अब कार्बन उत्सर्जन बढाउने र जलवायु प्रदूषण गरेवापत संरक्षणको क्षेत्रमा लगानी नगर्ने भएको त्यसकारण अमेरिकाप्रतिको आलोचना झन् बढेर जानेछ। सने १९१५ डिसेम्बरमा फ्रान्सको राजधानी पेरिसमा भएको पहिलो शिखर सम्मेलनमा १९५ देशले समर्थन जनाएका थिए। सो सहमतिले अमेरिकाको रोजगारी खोसिएको भन्दै राष्ट्रपति निर्वाचित भए अमेरिका सो सम्झौताबाट अलग हुने घोषणा गरेका थिए। यो घटनाले अमेरिकी सर्वोच्चता संवेदनशीलता र नैतिकतामै गम्भीर प्रश्न उठइदिएको छ।

# बाढीले जनजीवन अस्तव्यस्त




एक सातादेखि परेको अविरल वर्षाले गर्दा मध्यपश्चिमको जनजीवन नराम्ररी प्रभावित बनेको छ। वर्षाले गर्दा एक साताभित्र त्यस क्षेत्रमा ठाउँ-ठाउँमा बाढी पहिरो गएको छ। अविरल वर्षापछि दाङको ग्वारखोलाले ३ वटा गाडी बगाएको छ। दाङका विभिन्न खोलाहरुमा पक्की पुल नहुँदा बाढी आएको समयमा खोला किनारमा घण्टौंसम्म सवारी साधनहरु लाम लाग्ने गरेका छन्। यस्तै रुकुमका रुँघा, खारा, मुरु, पेउघालगायतका ठाउँहरुमा निरन्तर वर्षा हुदाँ पहिरोले मानिसहरु त्रसित बनेका छन्। पुल बनाउनको लागि बिगारिएका बाटाहरु पनि लामो समयसम्म निर्माण कार्य सम्पन्न नहुँदा निर्माण सामग्रीहरु अलपत्र अवस्थामा परेका छन्।

# नेकपाका नेता सन्देश पौडेल रिहा

■ रातो खबर संवाददाता



तिन महिना पहिले प्रहरीद्वारा पक्राउ गरिएका नेकपाका केन्द्रीय सदस्य सन्देश पौडेल मंगलवार रिहा हुनुभएको छ। वैशाख २१ गते महोत्तरीबाट सिन्धुली आउदै गरेको वेला पौडेल सहित ५ जनालाई भिमान प्रहरी चौकीले उहाँलाई पक्राउ गरेको थियो। नेकपाको जनकपुर ब्यूरो इन्चार्ज समेत रहेका पौडेललाई पक्राउ पछि लामो समयसम्म जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा राखिएको थियो। विनाकारण पार्टी कामको सिलसिलामा हिडेकोवेला पक्राउ गरिएको भन्दै नेकपाले पक्राउको विरोध गर्दै आएको थियो।

जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको कामना गर्दछु।

विक्रमबाबा हाउजिङ प्रा.लि.
भारतपुर महानगरपालिका-१२, मालपोत चोक
अध्यक्ष लेखराज पन्त
सम्पर्क नं. ९८५५०५६४३८



# चेतकान्तको कवितात्मक शक्ति



– खेम थपलिया

## १. आमुख

समकालीन आजको विश्वमा उत्तर-मार्क्सवाद र उत्तर-आधुनिकतावादको गठजोडद्वारा प्रोत्साहित हाइब्रिड एवम् कम्पोमाइज्ड साहित्यको लेखन, प्रकाशन, परिचर्चा एवम् बजारीकरणलाई विश्वव्यापीकरण गरिएको छ । यसो गरिनु उनीहरूको भित्री मक्सद समाजवादी शिविरमाथि धावा बोल्दै साहित्यको माध्यमबाट प्रतिक्रियावादी सत्तालाई चिरस्थायी बनाउन खोज्नु हो । पछिल्ला दिनहरूमा उपर्युक्त नकारात्मक विरासतलाई उल्ट्याउँदै पुँजीवादी साहित्यिक शिविरका विरुद्ध सशक्त प्रतिरोध हुनेगरी विश्वमा मार्क्सवादी साहित्यिक आन्दोलनलाई अपेक्षाकृत ऊर्ध्व दिशा प्रदान गर्न आवश्यक पहलकदमी पुगेको महसुस गर्ने अवस्था बनिरहेको छैन । त्यति मात्र होइन, समाजवादी शिविरमा जे जति साहित्यिक कामहरू भएका छन्, त्यसका आधारमा समालोचनात्मक प्रचारको विकास र सिर्जनाको सही परख गर्ने काम पनि अपेक्षाकृत सुस्त नै छ । कलम, मादल र कुचीवाहक परिवर्तनधर्मीहरूलाई यस्तो सुस्तताले चिन्तित तुल्याउनु अस्वाभाविक होइन । क्रान्तिकारी अभियानका लागि, यसका माध्यमबाट जनतालाई पार्ने सकारात्मक प्रभाव र निरन्तर क्रान्तिको मार्गमा अघि बढ्नका निमित्त साहित्यको महत्वपूर्ण भूमिका रहँदै आएको तथ्य जगजाहेरै छ । कला साहित्य पनि वर्गीय हुन्छ । समाजवादी यथार्थवादी लेखनमा वर्ग पक्षधरता र मार्क्सवादी दृष्टिकोण आवश्यक मानिन्छ । चेतना/समाजको एकत्वबाट नै समाजवादी यथार्थवादी साहित्यको सिर्जना हुन्छ । यसलाई सोही दर्शन र पक्षधरताका आधारमा परख गर्ने काम नै समालोचना हो । यसले साहित्यको माध्यमबाट जनताको आफ्नो विषयले विस्तृत स्वरूप ग्रहण गर्दछ । जनयुद्धले नयाँ जीवनमूल्य, नयाँ सौन्दर्यमूल्य निर्माण गरेको छ । यसले नयाँ यथार्थलाई मूर्तीकृत गरेको छ अनि यसले आतङ्क र आनन्दको सौन्दर्यबोध गराएको छ ।

मूलतः कम्युनिस्ट आदर्शले जीवनशील मूल्यको बोध गराउँदै आएको छ । मरणशील यथार्थको विरुद्धमा सदैव उभिँदै आएको कम्युनिस्ट आदर्श साहित्यको मोर्चामा वर्गसङ्घर्ष र दुईलाइन सङ्घर्ष निकै पेचिलो रहँदै आएको छ । सङ्घर्षको रापिलो भट्टीमा आतङ्क र आनन्दको सौन्दर्यको अभिरेखाङ्कन पनि सोही अनुरूप मूर्तीकृत पनि हुँदै आएको छ । अतीतलाई वर्तमानको सेवामा लगाउने र अन्तर्राष्ट्रिय अनुभवहरूलाई स्वदेशी हितमा प्रयोग गर्ने कुरा समालोचनाको क्षेत्रमा पनि उत्तिकै लागू हुने कुरा हो । ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै साहित्यिक क्षेत्रमा निरन्तर क्रान्तिको भावधारालाई अवलम्बन गर्न आवश्यक हुन्छ । यही आधारमा लेखिएका साहित्यको मार्क्सवादी विश्लेषणले निख्खारता ल्याउन थप मद्दत गर्दछ । मानवीय स्वभावजन्य कमजोरीबाट फाइदा उठाउँदै पुँजीवादी सिद्धान्तको प्रवचनद्वारा सर्वहारावर्गलाई ठूलो भ्रममा पार्ने कोसिस हुँदै आएको छ । सर्वहारावर्ग यस्ता कुराबाट भ्रमित रहन आवश्यक छैन । यसतर्फ मार्क्सवादी समालोचकहरू असाध्यै गम्भीर हुन आवश्यक छ । प्रतिरोध गर्ने हिम्मतका अभावमा कैयौँ साहित्यकार, समालोचक स्वतन्त्रताको सपना देखेर पनि उदासीनता, आलस्य, निराशा र कुण्ठाको बाटो समाएका अनेकौँ उदाहरण देख्न सकिन्छ । निर्जन विपत्तिका बीचमा पनि समाजवादी यथार्थवादी स्रष्टाहरू निरन्तर अगाडि बढ्न आवश्यक छ । यसरी मात्र जनपक्षीय स्रष्टाहरूको ऊर्ध्वगामी र अग्रगामी पहलकदमीको सार्थकता रहनेछ । बौद्धिक, प्राज्ञिक तथा दार्शनिक क्षेत्रको यही ऊर्ध्वगामी र अग्रगामी पदचापले समाजवादी साहित्यिक शिविरको उन्नतस्तरको बोध गराउँछ । समालोचना विशिष्ट प्रकारको बौद्धिक तथा प्राज्ञिक क्षेत्र भएकोले यो क्षेत्रको न्यायिक निरूपण गर्ने साहसी समालोचक सशक्त रूपमा प्रस्तुत हुनु आजको आवश्यकता हो । ती महान् स्रष्टाका महान् सिर्जनाहरूको उचित गोडमेल गर्न आवश्यक छ । सिर्जना र सर्जकको पहिचान गर्नु तथा तिनको उचित स्याहार-सम्भार गर्नु मार्क्सवादी समालोचकहरूको महत्वपूर्ण कार्यभार हो । जनताका महान् सङ्घर्षबाट प्राप्त भएका साहित्यिक उपलब्धिहरू रक्षार्थ तथा क्रान्तिलाई पूर्णता दिने दिशामा साहित्यलाई सहयोगी भावधारमा प्रवाहित गराउन उत्प्रेरणा गराउन सक्ने मार्क्सवादी समालोचकहरूको विशाल पङ्क्ति निर्माण गर्न आवश्यक छ । रसियन क्रान्तिले गोर्की जन्माएजस्तै, चिनियाँ क्रान्तिले लुसुन जन्माएजस्तै नेपालको महान् जनयुद्धले इच्छुकहरू जन्माइसकेको छ । यही आलोकमा प्रगतिवादी स्रष्टा चेतकान्त चापागाईं र उनका कवितात्मक सिर्जनधर्मिताको खोजी गर्नु उपयुक्त हुन्छ ।

## २. कवि परिचय

२००५ वैशाख २६ गते कास्की जिल्लाको तार्काङमा जन्मिएका कवि चेतकान्त चापागाईं नेपाली प्रगतिवादी साहित्यिक आन्दोलनको सशक्त हस्ताक्षरको नाम हो । उनका 'दासढुङ्गाको व्यथा गाथा (२०५१)', 'यात्रा मुक्ति शिखरको (२०५५)', 'राता फूलहरू (२०६३)', र 'कमल गङ्गाको व्यथा गाथा (संयुक्त कविता सङ्ग्रह)' प्रकाशित छन् । नेपाली प्रगतिवादी आन्दोलनका सशक्त साहित्यिक योद्धा चेतकान्त चापागाईं नेपाल र नेपाली जनताको वास्तविक परिवर्तन तथा रूपान्तरणकारी अभियानमा आजीवन क्रियाशील रहे । उनी विभिन्न सङ्घ संस्थाहरूसित पनि आवद्ध थिए । उनी नेकपा-माओवादी, चितवन जिल्ला सङ्गठन समिति तथा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, चितवनको सल्लाहकार पनि थिए । उनले थुप्रै पुरस्कार तथा सम्मानहरू पनि प्राप्त गरेका थिए । उनले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरूमा 'एक्टिभ युथ क्लबद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम- २०६३', 'लक्ष्मीप्रसाद देवकोटाको ९० औँ जयन्तीमा आयोजित कविता प्रतियोगितामा प्रथम', 'लेखनाथ पौड्यालको ११३ औँ जयन्तीका अवसरमा आयोजित कविता प्रतियोगितामा प्रथम', 'मातृभूमि साहित्य समाज, हेटौंडाद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम' आदि उल्लेख्य रहेका छन् । कवितासम्बन्धी चेतकान्त चापागाईंको धारणा यस्तो रहेको थियो- "म कविता उत्पीडितसँगै बसेर लेख्छु, उनका वेदनासँग एकाकार हुन्छु । यसो भएपछि कवितामा उत्पीडितको वेदना भरिन्छ । प्रायः म छन्दमा कविता लेख्न मन पराउँछु । जसले कवितालाई सुन्दर बनाउँछ भन्ने म ठान्दछु । (चितवनका कवि र कविता (२०७०), चरैवेति साहित्यिक त्रैमासिक पत्रिका, पृ. १०५) ।"

कष्टसाध्य रोग (क्यान्सर) का कारण लामो समयको उपचारपश्चात् २०७१ साल भदौ १७ गते उनको दुःखद् निधन भयो । उनले आफूलाई एउटा सहज प्रकृतिका लोकप्रिय छन्दकवि, गजलकार र जेलनेल खपेका समाज रूपान्तरणकर्मी स्रष्टाका रूपमा परिचित गराएका थिए । करिब आधा दर्जन कृति प्रकाशित गरिसकेका चापागाईंका अन्य केही कृतिहरू पनि प्रकाशोन्मुख छन् । सामाजिक रूपान्तरण तथा नेपाली प्रगतिवादी साहित्यको फाँटमा उनले पुऱ्याएको योगदान अमूल्य र उल्लेख्य मानिन्छ । अहिले पनि उनको लोकप्रियता र मिलनसारिताको चितवन जिल्ला र त्यस आसपासमा सम्मानका साथ चर्चा हुने गरेको छ । उनले मृत्यु हुनु एक दिनअघि 'साहित्य र घर' सम्बन्धमा लेखेको अन्तिम पत्र निकै मार्मिक र हृदयस्पर्शी रहेको छ ।

## ३. कविताको भावात्मक निरूपण

नेपाली जनताको मुक्तिको अभियान र त्यस अभियानलाई सफलीभूत पार्न विभिन्न तवरबाट योगदान पुऱ्याएका चापागाईंको मूल सिर्जनात्मक क्षेत्र कविता हो । उनका कविता प्रतिक्रियावादी सत्ता, तिनका पृष्ठपोषक र रक्षकहरूका निम्ति बम बने, बारुद बन्ने अथवा भनौँ चेतकान्तका कविता प्रतिक्रियावादी सत्ताविरुद्धका लडाइँमा शक्तिशाली आयुध बने । जब प्रतिक्रियावादी सत्ता आतङ्कित बन्यो, ढलपलायो, उसको शोसकीय जग नराम्ररी हल्लियो तब उनलाई प्रतिक्रियावादी सत्ताले पटक पटक पक्राउ गर्ने, थुन्ने र चरम यातना दिने काम गऱ्यो । विचारका अगाडि प्रतिक्रियावादी सत्ताका रक्षकहरू हारे, चेतकान्तले जिते । जितिरहेका छन् र निरन्तर जितिरहनेछन् । प्रतिक्रियावादी सत्तका अनेकन् षड्यन्त्र, जालझेल र हत्याका विरुद्ध चापागाईंले आफ्ना कवितात्मक आयुध उजिल्याएका छन् । ती जनहत्याराहरूलाई उनले ऐलान गरेका छन् र एकदिन ती अपराधीहरू जनताका कठघरामा उभिनुपर्ने कुरामा कवि अटल विश्वास प्रकट गरेका छन् । जनताका छोरीचेलीहरूका रगत चुस्नेहरूका विरुद्ध रगतको बदला लिने कुरामा उनी निकै आशावादी रहेका छन् । त्यही आशावादिता, त्यही विश्वास र त्यही जनक्रान्तिको पूर्णताको कामना तथा त्यसको अवश्यम्भावी सफलताको भावना उनका कविता 'बदला रगतको' कविता हो । यहाँ 'राता पूलहरू, (२०६३)' कविता सङ्ग्रहमा सङ्गृहीत ' बदला रगतको' कविताको भावगत रूपमा सङ्क्षिप्त समीक्षा गर्ने प्रयास गरिएको छ :

### (क) नारी उत्पीडन र चेतनाको चित्रण

नेपाली समाज निकै लामो समयदेखि अन्यायपूर्ण राज्यसत्ताका कारण उत्पीडनमा पर्दै आयो । विश्वमा आएको सामाजिक, राजनीतिक तथा सांस्कृतिक चेतनाका कारण नेपाली समाजले पनि मुक्तिको आकाशमा कावा खाने सपना देख्न थाल्यो । यहीक्रममा नेपालमा अनेकन् प्रकारका द्वन्द्व, सङ्घर्ष, आन्दोलनहरू हुन थाले । यसको उत्कर्ष नै माओवादी जनयुद्ध थियो । २०५२ सालबाट प्रारम्भ भएको माओवादी जनयुद्ध २०५७ सालको आसपासमा पुग्दा जुर्मुराउँदै, झाङ्गिँदै अघि बढिरहेको थियो । प्रतिक्रियावादी सत्ता र तिनका रक्षक तथा पृष्ठपोषकहरू अनेकन् प्रकारले जनताको साथ र समर्थनमा अघि बढिरहेको त्यो महाभियानका विरुद्ध लागिपरिरहेका थिए । प्रतिक्रियावादी सत्ता र तिनका रक्षकहरू नेपाली जनताका छोरी-चेलीहरूहरूको इज्जत लुट्न र रगत पिउन कुनै बेर लगाउँदैनन् । त्यसो गर्नु उनीहरूले आफ्नो परुषार्थ सम्झन्छन् र अहिले पनि सो कार्य यथावत् छ । यस्तो अन्यायको सङ्ख्या एक होइन, सय होइन, हजारौँ रहेका छन् । जनयुद्धको चेतनाले फुल्दै र फक्रँदै गरेका ती मुनाहरूलाई रातको समयमा नराधमहरूले निमोठ्नेसम्म निमोठे । यस्तो निकृष्ट कार्यलाई सत्तासीनहरूले आफ्नो बहादुरी सम्झे । प्रतिक्रियावादी सत्ताको यही हर्कतका कारण थुप्रै नेपालीहरूको जीवन बर्बाद भयो । हजारौँ नेपाली चेलीहरूको अस्मिता लुटियो । जनयुद्ध र त्यसले विकास गरेको राजनीतिक, सामाजिक, वैचारिक तथा सांस्कृतिक नारी सशक्तिकीकरण सत्तासीनहरूका लागि असह्य बन्यो । त्यसैले त कवि चेतकान्तका प्रस्तुत कवितामा नारी उत्पीडनको विषय अत्यन्त महत्वका साथ उठाइएको छ । नेपाली समाजमा फैलिँदै गएको चेतनाले सबैखाले उत्पीडनका साथै, नारी उत्पीडनका विरुद्ध सङ्घर्ष गर्ने चेतनाको अभिवृद्धि भएको छ । यही उत्पीडन र चेतनालाई मुखरित गर्ने भावलाई चापागाईंले कवितात्मक स्वरूपमा सुन्दर बान्की दिएका छन् । एक साक्ष्य :

'परिन् हत्याराका दलबलसँगै बन्दुक-मुख
बँचाई आफ्ना ती सहचर बलिन् न्यायस्वरूप
चथोरेको छाती लतपत थिइन् रे रगतमा
बली तारा बस्छिन् 'हरि' अमर बन्दै सगरमा ॥'
- (पृ. २२)

### (ख) वर्गसङ्घर्षको सचित्र वर्णन

सङ्घर्ष वाध्यात्मक परिस्थितिको उपज हो । समाजमा वर्ग रहेसम्म वर्गसङ्घर्ष रहिरहनेछ । यो कहिले शुषुप्त हुन्छ भने कहिले उत्कर्षमा पुगेको हुन्छ । यस परिस्थितिमा एउटा वर्गले अर्को वर्गमाथि आफ्नो श्रेष्ठता कायम गने प्रयास गरिरहेको हुन्छ । संसारमा जति पनि परिवर्तनहरू भएका छन्, ती सबै वर्गसङ्घर्षकै उपज हन् । यी सङ्घर्षहरूमा कहिले जनताको विजय भएको छ भने कहिले शासककै जित भएको छ । मूलतः जनताले जितिरहेका छन् । यो जित-हारको लुकामारी, यो वर्गसङ्घर्षको लुकामारी वर्गको अस्तित्व रहुञ्जेल रहिरहन्छन् । आज संसारभरका न्यायप्रेमी देशभक्त, क्रान्तिकारी, स्वाधीनताप्रेमीहरू सङ्घर्षरत छन् । नेपालमा पनि जनताले न्यायपूर्ण आन्दोलन गरिरहेका छन् । यहाँका प्रतिक्रियावादी सत्ता आफ्नो सत्ता टिकाउने जालसाक्षी बुनिरहेको छ । जनताले तिनलाई हायल कायल पारिरहेका छन् । नेपाली वर्गसङ्घर्षका कथा व्यथा अथाह र अव्यक्त रहेका छन् । तिनको सौर्य, साहस र बलिदान अवर्णनीय रहेका छन् । जनताको पछिल्लो महान् साहस, सौर्यको महान् गाथा महान् जनुद्धको कोरिएको थियो । त्यसैले त चेतकान्तका प्रस्तुत कवितामा पनि यी सन्दर्भ आएका छन् । चेतकन्त रचित कविता 'बदला रगतको' मा सत्ताका खूनी नङ्ग्रा गाडिएको यथार्थलाई मार्मिक ढङ्गले सुन्दर बान्की दिएका छन् । यो कविता वर्गसङ्घर्षको सुन्दर चित्रण गरिएको सफल कविता हो । अबोध र अबला एक चेलीलाई सत्ताधारीहरूको एक जत्थाले हत्या गरी फालिएका शवलाई उठाउँदै जनसमुदायले त्यसको बदला लिने कसम खाएको सन्दर्भले यो कविता वर्गसङ्घर्षको ज्यूँदो अभिव्यक्ति बन्न पुगेको छ । यो कविता वर्गसङ्घर्ष र वर्गीय भावनाको सुन्दर अभिव्यञ्जना बन्न पुगेको छ । एक साक्ष्य :

'निकाले हातैले अमर मनले खावाबीच पसी
पुऱ्याए माहेन्द्री तट निकट विश्राम नबसी
हजारौँ आस्थाका शिखहरूको एक जपना
उठी बोल्छन् 'खाऔँ कसम हरिको फेर्न सपना ॥'
- (पृ. २३)

### (ग) बलिदानी भावनाको प्रस्तुति

कुनै पनि परिवर्तनकारी अभियानले बलिदानको कोटाको माग गर्दछ । संसारमा जति पनि परिवर्तनहरू भएका छन्, ती सबैमा कुनै न कुनै कोणबाट बलिदान हुँदै आएको छ । महान् बलिदानसँग महान् सम्भावना पूरक रहँदै आएको हुन्छ भन्ने कुरा सही हो । जनताको मुक्ति अभियानमा लामबद्ध हजारौँ-लाखौँ योद्धाहरू पहिलो सहिद हुने कामनाका साथ जनमुक्ति अभियानमा होमिए । बलिदानी भावनाबारे गद्दर भन्छन्- "जब मान्छे एउटा असल कामका लागि समर्पित हुन्छ, त्यतिबेला ऊ मर्नदेखि डराउँदैन । यदि मलाई गिरफ्तार गरियो भने पनि म गाउँछु । यदि उनीहरूले मेरो जिब्रो काटिदिए भने पनि म आफ्नो हत्केलाले टेबुलमाथि बजाएर गाउँछु । यदि उनीहरूले मेरो हत्केलालाई पनि काटिदिए भने मैले आफ्नो खुट्टाबाट आबाज निकाल्नेछु । यदि उनीहरूले मेरो खुट्टा पनि काटिदिए भने मैले आफ्नो शरीरलाई युद्धमा लडिबुडी गराउनेछु । यदि उनीहरूले मलाई फासीमै चढाए भने मैले 'रक्तसङ्गीतम्' द्वारा आफ्नो सन्देश जनतासमक्ष पुऱ्याउनेछु ।" गद्दरको उपर्युक्त गम्भीर बलिदानी भावनाजस्तै युगौँयुगदेखिको पिछडिएको सामन्ती संस्कृतिबाट ती महिलाहरू उत्पीडित भइरहेका थिए, छलाङमय रूपान्तरणका लागि उकुस मकुस थिए । जनयुद्धले तिनीहरूको कैद मस्तिष्क र भौतिक शरीरलाई खुला गरिदिएको थियो । प्रतिक्रियावादी सत्ताद्वारा बोल्न, हाँस्नबाट समेत प्रतिबन्धित महिलाहरू उसकै रक्षक शक्तिलाई कासन गर्ने भए । उनीहरू छापामार भए र पूर्व, पश्चिम, हिमाल, तराईसम्म फैलिए । उनीहरूले 'सत्ता बन्दुकको नालबाट जन्मिन्छ' भन्ने माओको प्रसिद्ध प्रस्तावनालाई आत्मसात् गरे । सो प्रस्तावनालाई जीवन व्यवहारमा अनुवाद गर्न निरन्तर उत्प्रेरित भएर लागिरहे । सत्ताको उत्पत्ति, प्रयोग र रक्षासम्बन्धी व्यावहारिक ज्ञानार्जन गरे । उनीहरूले अल्पसङ्ख्यक शोषकवर्गले बन्दुककै आडमा बहुसङ्ख्यक शोषित जनतामा राज गर्दै आएको कुरा बुझे । संसदीय आन्दोलनको निरीहता पनि बुझे । उनीहरूले राज्यसत्ताको निर्णायक शक्ति शाही सेनासित लडे । त्यहाँ वैचारिक पथप्रदर्शन थियो । त्यो नकारात्मकभित्र सकारात्मक, सकारात्मकभित्र नकारात्मक हेर्न पद्धति बन्यो । त्यहाँ प्रधान दुश्मन र गौण दुश्मन परिचित बने । यी सबै बलिदानी भावनाका उपज थिए । यस्तो महाभियानमा कैयौँले सहादत प्राप्त पनि गरे तर केहीलाई मात्र पहिलो सहिद बन्ने अवसर प्राप्त भयो । यो कविताले सशक्त रूपमा बलिदानको भावनालाई कवितात्मक अभिव्यञ्जना प्रस्तुत गरेको छ । जनक्रान्तिलाई पूर्णता दिनका लागि आवश्यकताका आधारमा बलिदान दिन तयार रहेका छन् र तयार रहनुपर्छ भन्ने भाव यस कवितामा सुन्दर ढङ्गले मुखरित भएको छ । मानिसको सबैभन्दा प्रिय चीज भनेको उसको जीवन हो । यस्तो प्रिय चीजको बलिदान गर्न पनि मानिस किन तयार हुन्छन् ? यो प्रश्न सामान्य छैन । यस्तो असामान्य प्रश्नको उत्तर पनि असामान्य नै हुन्छ । उन्नतस्तरको वैज्ञानिक र सर्वहारावर्गीय चेतना, उच्च प्रतिबद्धता र मुक्तिकामी सपनालाई साकार तुल्याउन निरन्तर क्रान्तिको भावधारामा हेलिएर मात्र यो कुरा सम्भव हुन्छ । सैद्धान्तिक-वैचारिक आस्थालाई अविचल राख्दै मुक्तिको सपनालाई साकार तुल्याउन आम जनसमुदाय थप बलिदान गर्न तयार रहेका छन् भन्ने साक्ष्य पनि यो कविताले प्रस्तुत गरेको छ । अर्को एक कवितांश :

'इरादा हो उनको सहिद पहिलो घोषित हुने
पुऱ्यायौ त्यो इच्छा अब कसरी हामी बटुलिने
खटाई बस्छौँ यो पिर सकल आस्था छ अमर
अझै बाँचेकाले रगत दिन बाँकी छ समर ॥'
- (पृ. ऐ.)

### (घ) प्रतिक्रियावादी सत्ताको सङ्कटको चित्रण

धर्तीको कुनै पनि भूगोलमा, कुनै पनि देशमा शासकहरू जब जनताको नजरमा गिर्न पुग्दछन्, त्यस्तो बेला सत्ताधारीवर्ग सङ्कटग्रस्त बन्ने गरेको इतिहास छ । जब सत्ताधारीहरूको अन्याय, अत्याचारले सीमा नाघ्न पुग्दछ, तब जनता पनि थप सुदृढ र सशक्त बन्दै जुर्मुराउँदै जान थाल्दछन् । त्यसपछि प्रतिक्रियावादी सत्ताका विरुद्ध धावा बोल्न सुरु गर्दछन् । वास्तवमा संसारमा जति पनि सत्ताहरू ढलेका छन्, चिहानमा पुरिएका छन्, ती सबैले आफ्नो चिहान आफैँले खनेका हुन्छन् । जनतामैत्री नभएका शासक र शासन व्यवस्था यसरी नै ढलेका छन् । अन्तिम अवस्थामा नेपालीहरू 'आइलाग्नेमाथि जाइलाग्न पनि पछि पर्दैनन्' भन्ने उक्ति स्थापित छ । यही कारणले बेला-बेलामा प्रतिक्रियावादी सत्ता चरम सङ्कटबाट गुज्रिनुपरेको छ । नारी अस्मिताको रक्षाका साथै स्वतन्त्रता, स्वाभिमान, मुक्तिको खातिर पुरातन राज्यसंरचना अर्थात् मनोसंरचनाको ध्वंस गरी नुतन राज्यसंरचना अर्थात् मनोसंरचनाको स्थापनार्थ क्रान्तिबाहेक अरू कुनै विकल्प छैन भन्ने कुरालाई प्रस्तुत कविताले सशक्त रूपमा प्रस्तुत गरेको छ । अहिले पनि नेपाली क्रान्तिको कार्यभार पूरा गर्ने अभियानमा जनताका असली प्रतिनिधि पात्रहरू लामबद्ध भइरहेका छन् । नेपालको इतिहासको खास खास कालखण्डमा विशिष्ट किसिमका वर्गसङ्घर्षका चित्र पनि मुखरित हुँदै आएको छ । यही भावलाई प्रगतिवादी कवि चेतकान्तले आफ्नो कविताका माध्यमबाट सशक्त रूपमा पेश गरेका छन् । जनताका खून-पसिनामा मोजमस्ती गर्दै तथा रमाउँदै आएका प्रतिक्रियावादी सत्ता र तिनका मतियारहरूको एक दिन अन्त्य अवश्यम्भावी छ भन्ने कुरा यो कविताका माध्यमबाट अभिव्यक्त भएको छ । हरेक कुराले एउटा उत्कर्ष प्राप्त गरेपछि अर्थात् एउटा सीमाभङ्ग भएपछि त्यसको अवसान निश्चित छ । प्रतिगामी सत्ताको अवसानको निश्चितताको भावाभिव्यक्ति गरेको प्रस्तुत कविता 'बदला रगतको' को एक अंश :

'विलासी व्याधा हौ अपगुन चरीको कुन थियो ?
कि छोरीले आमासँग मन फुन हुन्न भन यो ?
चिहानै खन्दै छौ अझ नजिक आफैँ किन तिमी ?
फुटेका आँखाले जहर कति रोप्छौ घुमी घुमी ?'
- (पृ. ऐ.)

### (ङ) प्रतिरोधी भावनाको अभिव्यक्ति

आज संसारका थुप्रै देशहरूमा प्रतिरोधी सङ्घर्ष जारी छन् । त्यसैले आजको विश्वको मूल चरित्र प्रतिरोध अर्थात् क्रान्ति बन्न गएको छ । केही देशहरूमा नयाँ जनवादी क्रान्ति भइरहेका छन् भने कैयौँ देशहरूमा स्वाधीनताका आन्दोलनहरू भइरहेका छन् । त्यहाँ शासक-शासक र जनता-शासकका बीचमा छिनाझम्टी भइरहेका छन् । संसारमा नयाँ नयाँ अन्तरविरोधहरू पनि देखापरिरहेका छन् । आज संसारभर प्रतिरोधको आवाज मुखरित हुँदै आएको छ । यसले साम्राज्यवादी शक्ति र उत्पीडित जनसमुदायबीचको अन्तरविरोध सतहमै छर्लङ्गै देखापरेको छ । यसबाट नेपाल पनि अछुतो रहने कुरै भएन । नेपालको १० वर्षका जनयुद्ध त्यही प्रतिरोधी भावनाको उत्कर्ष थियो । योक्रममा प्रतिरोधका महान् गाथाहरू कोरिएका छन् । यसले मुक्तिको आकाङ्क्षीहरूलाई निरन्तर उत्प्रेरणा दिइरहेको छ । यद्यपि विश्वका अन्य देश र ती देशका नागरिकभन्दा नेपालीको आफ्नै विशेषता, आफ्नै पहिचान रहँदै आएको छ । नेपालीहरू आफ्ना छोरी-चेलीको इज्जतको ख्याल राख्छन् । तिनलाई सम्मानपूर्ण व्यवहार गर्दछन् । यस्तो शिष्ट परम्परामा सत्ताधारीहरू वाधक बन्दै आएका छन् । नेपालका कैयौँ सांस्कृतिक परम्पराहरू जनमुखी र जनपक्षीय रहँदै आएका छन् भने कैयौँ परम्पराहरू धार्मिक तथा सांस्कृतिक जडताद्वारा ग्रस्त पनि रहेका छन् । नेपालको यस्तो सांस्कृतिक परम्परामा अहिले बाह्य संस्कृतिले जति प्रहार गरिरहेको छ, त्योभन्दा पनि बढी प्रतिक्रियावादी पुरानो सत्ताले नारी, नारी अस्मितालाई अबला ठान्ने, मनोरञ्जनको साधन ठान्ने, दोस्रो दर्जाको नागरिक ठान्नेजस्ता कूकृत्य गर्दै आएको छ । नारीलाई बच्चा उत्पादन गर्ने कारखाना एवम् मनोरञ्जनको साधनको रूपमा पुरातन सत्ता-संस्कृतिले व्यवहार गर्दै आएकै कारण अबोध छोरी-चेलीहरूको इज्जत लुटिने, अनाहकमा मर्नुपर्ने स्थिति बन्दै आएको छ । यी र यस्तै यस्तै लैङ्गिक विभेदका विरुद्ध जनताले निकै लामो समयदेखि वर्गसङ्घर्ष चलाउँदै आएका छन् । प्रस्तुत कवितामा पनि यही प्रतिरोधी भाव गहन ढङ्गबाट अभिव्यक्तिएको छ । जनताको रगत खेर नजाने, एक न एक दिन ती रगतको बदला लिइने कुरा यहाँ प्रकट भएको छ । प्रतिरोध गर्नु, विद्रोह गर्नु जनताको अधिकार हो भन्ने माओको उक्ति सबैले कण्ठस्तै छ । यही भावधारामा कवि चेतकान्तले आफ्नो कविताका माध्यमबाट आफ्नो प्रतिरोधी भावना मुखरित गरेका छन् । निहत्था जनताका हत्यालाई कसैले पनि माफी दिन सक्ने कुरा होइनन् । सगरमाथाको देश, वीर योद्धाहरूको देश नेपालमा यस्तो हुनु अशोभनीय कुरा हो । यस्तो हर्कतलाई कुनै पनि हालत माफी दिन सकिँदैन । यस्तो क्रियाकलापको जनताले बदला लिएरै छोड्छन्, यसका विरुद्ध प्रतिरोध गर्दछन् भन्ने भाव प्रस्तुत कवितामा प्रस्तुत भएको छ । यो कवितामा प्रतिरोधको प्रतिबद्धता छ । कविताको एक अंश :

'गऱ्यौ चेली हत्या तर अब कहाँ भुल्छ दुनियाँ
हिमाली काखै छन् गहन धन सन्तान बलिया
लुछेको देखौँला कुकुरहरू हो मासु हरिका
कहाँ त्यसै छोड्छन् नलिई "बदला त्यो

## चेतकान्तको कवितात्मक ...

रगतको" ॥'

- (पृ. ऐ.)

**(च) नवीन संसारको कामना**

प्रगतिवादी कवि चेतकान्तले आफ्नो कविता 'बदला रगतको' शीर्षकमा नवीन संसार स्थापनाको कामना व्यक्त गरेका छन् । मानिस परिवर्तन चाहन्छ। यो उसको मानवीय चरित्र हो। वर्ग आफ्नो मुक्ति चाहन्छ। यो पनि उसको वर्गीय चरित्र हो। यसका सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन्। मूलतः शोषित र उत्पीडित वर्गले आफ्नो वर्गको शासन व्यवस्था ल्याउन लागिपरिहेकै हुन्छ। चाहना र कामनाले मात्र संसार बदलिँदैन। यो कुरा सबैलाई थाहा छ। यसका निमित्त क्रान्तिकारी कार्यदिशा, सही नीतिका साथ सही नेतृत्व चाहिन्छ। जनताका सपना पूरा गर्न सक्ने नेतृत्वको विकास इतिहासका खास खास अवस्थामा मात्र सम्भव हुन्छ। प्रतिक्रियावादी सत्ताले दमन, उत्पीडनको मात्रा जति जति बढाउँदै जान्छ, जनता उति उति एकताबद्ध र प्रतिबद्ध हुँदै जान्छन् । जनताको एकता र प्रतिबद्धताले वर्गसङ्घर्षका अनेकन् रूपहरूलाई विकास गर्दै गएको छ, विकास गरेका छन् र यो विकासको गति बढ्दै पनि जानेछन्। जनताका प्रतिरोध सङ्घर्षद्वारा एक दिन प्रतिक्रियावादी सत्ता माटोमुनि पुरिन पुग्छ भने जनताको नयाँ संसारको स्थापना हुन्छ। न्यायिक र समानतामुखी समाजका खातिर अहोरात्र खटिरहने क्रान्तिकारी परिवर्तनकारीहरूका यस्तो चाहना भनेको कविको चाहना पनि हो । यसमा बलिदानको मूल्य मिसिएको हुन्छ। यसका त्यागको मूल्य मिसिएको हुन्छ । यसमा प्रतिबद्धता र वर्गीयताको मूल्य मिसिएको हुन्छ। त्यसैले जनताको नयाँ शासन व्यवस्थाको स्थापना गरी जनताको मुक्तिको सपना साकार तुल्याउन आवश्यक छ। यसका निम्ति जस्तोसुकै मूल्य चुकाउनुपरे पनि जनता तयार छन् भन्ने भावना कविको देखिन्छ। जनताका निम्ति प्रतिक्रियावादी फासिस्ट व्यवस्था जहर हो । इतिहासमा जनताले कैयौँपटक यस्ता जहर पिउँदै आएका छन् । बलिदानका अपूर्व कीर्तिमान खडा गरेका छन् । महान् सहिदहरूका परिवर्तनको धोकोलाई पूरा गर्ने कसम खाएका छन्। अन्तिममा जनताकै विजय हुने कुरा स्थापित छ र कविको विश्वास पनि जनताकै विजय हुने कुरामा रहेको देखिन्छ । यही विश्वासको कारण विश्वमा आम उत्पीडित जनताको मुक्तिको सपना जिउँदै रहन सकेको हो। यो विश्वास नेपालमा पनि जिउँदै छ। यही विश्वास, यही कामनालाई 'बदला रगतको' शीर्षक कविताको एक ठाउँमा यसरी कवितात्मक भावना उर्लिएको छ :

'चपाए झैं लाग्यो जहर हरिको त्यो खबरले
सुसाए झैं लाग्यो सुमन-दिन मादी, बगरले
मलाई लेखे है कवि पर हुँदा पत्र नविन
बिसाएको धोको सरल मनको भुल्न सकिनँ ॥'

**(छ) पुरातन बिम्बको प्रयोग**

कविता बिम्बात्मक अभिव्यक्ति हो । थोरैले धेरै भन्न सक्ने कविताको सामर्थ्यशीलता हुन्छ । यो सङ्क्षिप्तात्मक र सूत्रात्मक हुन्छ । कवितामा भावमय प्रवाहशीलता तीव्र हुन्छ । कविताको प्रगतिवादी क्षेत्रमा कविहरूले त्याग, बलिदानसित सम्बन्धित बिम्बहरू, प्रतीकहरू सोहीअनुरूप प्रयोग गरिन्छन् जुन स्वाभाविक हुन् । यद्यपि, प्रगतिवादी कवि चेतकान्तको प्रस्तुत कवितामा पुरातन बिम्बको पनि प्रयोग भएको छ । खासगरी उनले कैयौँ ठाउँमा 'हरि' शब्दको प्रयोग गरेका छन्। 'हरि' शब्द पुराणबाट लिइएको बिम्ब हो । सामान्यतया नेपाली प्रगतिवादी साहित्यका र अन्य स्रष्टाले यसखालका बिम्बको प्रयागेमा मोह राखेको पाइन्छ। जनयुद्धबाट सिर्जित नयाँ यथार्थका पक्षधरहरूलाई पौराणिक बिम्बको प्रयोगले अनौठा मनोदशा खडा हुन्छ । आदर्शवादी-पूर्वीय चिन्तन र त्यसमा पनि पौराणिक/धार्मिक चिन्तनले सांस्कृतिक रूप ग्रहण गरेको र नेपाली समाजको केन्द्रीय प्रवृत्ति प्रगतिवादी सांस्कृतिक चेतनाको प्रभाव प्रगतिवादी साहित्यिक धारामा पनि परेको पाइन्छ। प्रगतिवादी सांस्कृतिक चेतनाका संवाहकहरूले यस्ता बिम्ब-प्रतीकहरूको प्रयोग गर्नु युक्तिसङ्गत मान्न सकिँदैन । 'हरि' काव्यकृतिका चरित्र मात्र नभएर पूर्वीय अध्यात्मवादी हिन्दू धर्म र सामन्ती सांस्कृतिक धरोहर पनि हुन् । 'हरि' को अर्थ दयाको खानी, ईश्वर वा भगवान् हो । यहाँ सोहीअनुरूप रूपमा प्रयोग गरिएको छ । बलिदानको यत्रो महागाथामा आधारित कवितामा प्रयुक्त बिम्बले कविताको मूल भावलाई बिम्बात्मक न्याय गर्न नसकेको हो कि भन्ने कुराको प्रतीत हुन्छ। यसलाई कविकार चेतकान्तको सीमा मान्न सकिन्छ । प्रगतिवादी साहित्यिक सांस्कृतिक आन्दोलनका अभियन्ताहरूले बिम्ब-प्रतीकको प्रयोग गर्दा निकै संयमित र सिर्जनशील हुनुपर्छ । परिवर्तनका निमित्त जनताले गरेको सङ्घर्षले पैदा गरेको अर्थात् जनसङ्घर्षद्वारा स्थापित नवीन बिम्ब तथा प्रतीकले सिर्जनाकारको मौलिकता, सिर्जनशीलताको बढोत्तरी हुन्छ । यस प्रक्रियाद्वारा सर्जक र सिर्जना स्थापत्य कायम हुन्छ। यो कुरामा स्रष्टाहरूले विशेष ख्याल गर्न आवश्यक छ । जनताको सङ्घर्षले स्थापित गरेको विजय-बिम्बहरू, साहसिक मोर्चाहरू, बलिदानका भव्य र महान् पीरामीडहरू, प्रतिक्रियावादी सत्ता र तिनका रक्षकहरूको पराजयहरूलाई नयाँ यथार्थपरक साहित्यकारहरूले बिम्बका रूपमा प्रयोग गर्न सक्छन्। यसतर्फ समाजवादी यथार्थवादी साहित्यकारहरूले विशेष ध्यान दिन आवश्यक छ। कवि चेतकान्तको कवितामा प्रयुक्त 'हरि' बिम्ब-शब्दको केही दृष्टान्त :

'बली तारा बस्छिन् 'हरि' अमर बन्दै सगरमा (पृ. २२)।'

'चपाए झैं लाग्यो जहर हरिको त्यो खबरले (पृ. ऐ.)।'

'उठी बोल्छन् 'खाऔँ कसम हरिको फेर्न सपना' (पृ. २३)'

**(४) उपसंहार**

विश्वमा नेपालीहरूको विशिष्ट पहिचान रहँदै आएको छ। वीरताको हिसाबले, त्यागको हिसाबले, कीर्तिमानीको हिसाबले नेपाल विश्वमा ख्यातीप्राप्त नै छ । बहादुर नेपाली छोरीचेलीहरूको प्रख्याती पनि निकै माथिल्लो स्तरमा रहेको छ । यहाँको आन्तरिक सांस्कृतिक परम्परा पनि निकै समृद्ध रहँदै आएको छ। यद्यपि, प्रतिक्रियावादी सत्ताले नेपाली समाज र यहाँका नागरिकको आन्तरिक सामर्थ्यको कहिल्यै पनि पनि सम्मान गर्न जानेन र सकेन पनि। फलतः अनेकन् विषम परिस्थितिको सिर्जना भयो। लयबद्ध तथा मझौला आकारमा संरचित प्रगतिवादी कवि चेतकान्त चापागाईंको प्रस्तुत कविता 'बदला रगतको' कविताका भाव निकै गहन रहेका छन्। यो कविताले नेपाली वर्गसङ्घर्षको एक विशिष्ट क्षणमा प्रतिक्रियावादी शासकले निहत्था जनताको हत्या गर्ने, बेपत्ता बनाउने, आतङ्कित पार्ने गरेको यथार्थिक विवरण प्रस्तुत गरेको छ । नेपाली समाजको रूपान्तरणकारी अभियानमा भए-गरेका अनेकन् सङ्घर्षले पैदा गरेका जागरणले प्रतिक्रियावादी सत्ताका विरुद्ध बोल्ने, लेख्ने र भौतिक रूपमै मोर्चामा लामबद्ध हुने अग्रसरता पनि यो कवितामा मुखरित भएको छ। नेपाली जनता र परिवर्तनकारी अभियन्ताहरूको अपूरो कार्यभारलाई पूरा गर्न निरन्तर क्रान्तिको भावधारामा हेलिएर मात्र एक दिन जनताको शासन स्थापना गर्न सकिने विश्वास पनि यहाँ प्रकटिएको छ । जनताको रगत कहिल्यै खेर जाँदैन। खेर जान दिन हुँदैन। यसर्थ, जनताको बलिदान कहिल्यै खेर नजाने कुरा यो कविताले गहिरो विश्वास व्यक्त गरेको छ। अंशतः सीमा भए पनि नेपाली जनता मुक्तिको महान् अभियान एक न एक दिन विजयी हुने अटल आशा र विश्वास नै प्रस्तुत विवेच्य कविताको समार्थ्य र शक्ति हो । जीवनशील यथार्थ यो कविताको पहिचान हो।

मरणशील यथार्थ र जीवनशील यथार्थको चर्चासँगै चीनका पतनशील बादशाहका कविता १० औँ शताब्दीका दक्षिणी ताङ राज्यका अन्तिम राजा लिउको तल उल्लिखित कवितामा दरबारिया पतनशील जीवनको बयान गरिएको छ । सोही कविताको एक अंश यहाँ प्रस्तुत गर्नु उपयुक्त हुन्छ :

'कुँदिएका बार्दलीका कलात्मक खम्बाहरू
टड्ढू जस्ता झन्डा राख्ने ढुङ्गे खम्बाहरू अझै छन्
कति महान् छ मेरो मालिकको वेदना
पूर्वतर्फ अन्त्यहीन बहिरहने वसन्तको नदी जस्तो
!'

यही विषयमा चीनका महान् साहित्यकार लु सुन यसरी कविताका माध्यमबाट बयान गर्छन् :

'कालो दुब्लो अनुहार भएकाहरूको एउटा समूह काँडाघारीमा
कस्तो अझै आक्रोसले पृथ्वी हल्लाउने हिम्मत गर्दछन् ?
म हाम्रो सम्पूर्ण दूरदूरसम्म फैलिएको जमिनमा ओथारो बस्छु,
र यो मौनतामा गर्जंदो आवाजको घन्टा ध्वनि सुन्छु।'

लु सुनको यो कवितात्मक वयान समाजवादी यथार्थवादी धारासित सन्निकट रहेको छ। यो कुरा किन पनि यहाँ प्रस्तुत गरिएको हो भने सिर्जना र स्रष्टाका बीचमा रहेको सम्बन्धले पनि त्यसको दिशा निदृष्ट गरेको हुन्छ। यसको वर्गीय पक्षधरताले ठूलो काम गरिरहेको हुन्छ। तेल मालिकले कोइला बटुलिरहेकी कविलाको दुःख बुझ्न सक्तैन । गरिब मानिसले धनी मानिसबाट सुखको अपेक्षा गर्नु बेकार हुन्छ । त्यसैले त हामीलाई यस्तै यस्तै संसारभर बोल्ने जनसाहित्यको आवश्यकता छ । लेनिन भन्छन्- "जुनसुकै वर्गसचेत मजदुरले, भाग्यले उसलाई जुनसुकै जनताको बनाएको भए पनि यसले आफूलाई नौलो भाषाविहीन, साथीविहीन, आफ्नो मातृराष्ट्रबाट टाढा महसुस गरेता पनि अन्तर्राष्ट्रिय प्रसिद्ध रहनीद्वारा यसले आफैँ कमरेड र साथीहरू पाउन सक्छ।" चेतकान्तको कविताबाट लेनिनको उक्त भनाइको भावाबोध गर्न सकिन्छ। चेतकान्तको वर्गपक्षधरता र सिर्जनधर्मितालाई यही आलोकमा बुझ्नु सही हुनेछ।

सिद्धान्तमा द्वन्द्वात्मक भौतिकवादी भए पनि व्यवहारमा त्यहीअनुरूप नदेखिएको र व्याख्यामा एकरूपता नभएको आजको सन्दर्भमा चेतकान्तका रचना बलशाली भएर उभिएका छन् । आजका अध्ययनहरू विज्ञानसम्मत नभइरहेको र दृष्टिकोण पनि मार्क्सवादी नभइरहेको सन्दर्भमा उनका रचना क्षेप्यास्त्र भएका छन् । ज्ञानको केन्द्रीकरण सामूहिकतामा हुन्छ भन्ने कुरालाई ख्याल नगर्ने आजको पुस्तालाई विचारको प्रतिवाद विचारले नै गर्नुपर्दछ भन्ने ज्ञानबोध गराउन उनका काव्यिक रचना निकै प्रभावकारी ठहरिएका छन्। रचनात्मक साहित्य लेखन कहिल्यै पनि यथास्थितिको बन्दी हुन सक्तैन। वैचारिक आस्थाका साथ लेखिएका साहित्यमा जीवनको छाया देख्न सकिन्छ भन्ने कुराको बलिया प्रमाण चेतकान्तका रचना हुन् । आलोचनाको अधिकार प्राप्त गर्न कुनै निश्चित सत्यमा विश्वास हुनुपर्दछ भन्ने कुरा सही हो। त्यसैले त इच्छुकले भने- "हाम्रो लेखन र सिर्जनअनुरूप हाम्रो जीवनशैली बनोस् ।" यो कुरा प्रगतिवादी कवि चेतकान्त चापागाईंको जीवनमा लागू भयो। साहित्य क्षेत्रको मौसमी क्रियाशीलतालाई स्थायी र गुणात्मक क्रियाशीलतामा फेर्न आवश्यक छ भन्ने चेतकान्तका सिर्जनाका गुदी कुरा हुन्। हाम्रो यात्रा अँध्यारोबाट उज्यालोतिर, असभ्यताबाट सभ्यतााातिर र विपन्नताबाट सम्पन्नतातिरको यात्रा हो र हुनुपर्छ भन्ने कामना पनि चेतकान्तका कविताले उद्बोधन गरेको छ । गोर्कीले भनेजस्तै प्रगतिशील लेखकहरूको लेखन हस्तक्षेपकारी र रूपान्तरणकारी हुनुपर्दछ । आजको आवश्यकता पनि त्यही हो । क्रान्तिकारी कला साहित्य उत्पीडित जनताको रचनात्मक ऊर्जा र श्रम सौन्दर्यको संवाहक हो । यो जनसमुदाय क्रान्ति तथा कार्यकर्ता सबैका लागि अत्यन्तै मूल्यवान् वैचारिक तथा सांस्कृतिक खुराक हो। मार्क्सवादी विश्वदृष्टिकोणअनुसार क्रान्तिकारी कला साहित्य क्रान्तिकै अभिन्न अङ्ग हो र यसले रचनात्मक क्रियाशीलताको सौन्दर्यबोध गराउँछ । वैचारिक तथा सांस्कृतिक खुराक बन्न सफल चेतकान्तका कविता मार्क्सवादी सौन्दर्यात्मक मूल्यका दृष्टिले पनि महत्वपूर्ण रहेका छन् । त्यसैले अन्तमा यति भनौँ- चेतकान्तका कविता वैचारिक, सौन्दर्यात्मक तथा काव्यिक मूल्यका साथ विशिष्ट स्थान हासिल गरेका छन्।

## रातो खबर ...

भर्त्सना गर्दछौं।

जनताको सूचनाको हक अधिकारको पक्षमा रहेको वकालत गरिरहने वर्तमान सरकार र त्यसका सरोकार पक्षहरूले रातो खबर साप्ताहिकमाथि बारम्बार बक्रदृष्टि लगाइरहनु सायद कसैलाई पनि प्रिय हुन सक्दैन। यसको परिणामस्वरूप पत्रिकाका निर्देशक समेतलाई पक्राउ गरिएको छ । अन्तमा, कथित लोकतान्त्रिक सरकारको यस्तो रवैयाप्रति घोर भत्सर्ना गर्दै पक्राउ पर्नुभएका निर्देशक शर्मालगायत सबैको स-सम्मान विनाशर्त रिहाइको माग गर्दछौं।

## जलस्रोतमा ...

छ। नेपाललाई आफ्नो विकास र व्यापारका प्राथमिकता छनोट गर्न नदिएर आफ्नो इच्छा थोपर्ने, जलस्रोत कब्जा गर्न अनेक षड्यन्त्र गरेर नेपालको स्वतन्त्रता र विकासमा भारत बाधक भन्ने तथ्यलाई भारतको पछिल्लो कदमले पुष्टि गरेको छ। यसमा भारतको आफ्नो स्वनिर्णय जस्तो देखाउन खोजे पनि त्यसको निकृष्ट सोच निहीत छ। भारतको यो साम्राज्यवादी हर्कत नेपालको भारतसँगको व्यापार असन्तुलन कायम राखेर दबाबमा राखिरहने कुनियत लक्षित छ। नेपालमा पछिल्लो समय चीन, कोरियालगायतका देशले विद्युत क्षेत्रमा बढाइरहेको लगानी विरुद्धसमेत लक्षित यो भारतीय हस्तक्षेपले नेपाललाई भुटानजस्तै 'संरक्षित राज्य' बनाउने मनसाय राखेको छ। जुन नेपाली जनताका लागि कदाचित स्वीकार्य छैन। त्यसप्रकारको भारतीय नियतले नेपाली समाजमा भारत विरोधी जनमत बढाउने मात्र छैन, भारतप्रति नरम नीति लिने नेपालका संस्थाहरूसमेत आलोचित हुनेछन्। नेपालका पछिल्ला निर्वाचनका परिणामहरूले पनि त्यसको संकेत गरेका छन्। नेपाल सरकार र दलहरूले भारतले त्यसप्रकारको हस्तक्षेपका विरुद्ध कदम चाल्न आवश्यक छ।

## दार्जिलिङमा ...

गर्ने संकेत गरेकी छन् । भारतमा हरेक स्वतन्त्रता र न्यायपूर्ण आवाजलाई चीन या पाकिस्तानले उक्साएको भन्दै दमन गर्ने परम्परा बस्दै आएको छ।

शनिबार लेप्चा रुलर डेभलभमेन्ट बैंकको कार्यालयमा आगजनी भएको छ । सिंहमारीमा भएको गोलाबारीमा स्थानीय समिर गुरुङको ज्यान गएको छ। सोनादामा टासी भुटिया र दार्जिलिङमा अर्को एकजना गरी ३ जनाको मृत्यु भइसकेको छ। कलकत्ता उच्च अदालतले दार्जिलिङको विद्रोह साम्य पार्न केन्द्र सरकार मौन बसेको भन्दै आलोचना गरेको छ । सोनादामा प्रदर्शनकारीले प्रहरी वाहन तोडफोड गरेका छन् । केही दिन यता पहाडको विद्रोहको धक्का सिलगुढी, डुबर्स, जलपाइगुडी लगायतका तराईमा पनि परेको छ। ती क्षेत्रमा पनि तोडफोड र उग्र प्रदर्शनहरू भएका छन् । जातीय हिंसा नहोस् भनेर शनिबार सिलगुढीमा 'गोर्खा पिस फोरम तराई' गठन गरिएको छ। संगठनका प्रवक्ता शक्ति शर्माले प्रशासन र सबै राजनीतिक दल तथा संस्थाहरूलाई सामाजिक सहिष्णुता कायम राख्न अपील गर्ने भएका छन्।

दार्जिलिङको आन्दोलनलाई लिएर भारतमा अन्तर्राष्ट्रिय द्वन्द्व देखापरेको छ। सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङले गोर्खाल्याण्ड आन्दोलनलाई समर्थन गरेका छन् भने त्रिमूल कांग्रेसले हस्तक्षेप गरेको आरोप लगाएको छ। उता सुभाष घिसिङको नेतृत्वमा भएको गोर्खा ल्याण्ड आन्दोलनको विरोध गरेको भाकपाले सत्ता बाहिर रहेको समयमा भएको त्यही आन्दोलनलाई अहिले भने समर्थन गरेको छ। मार्क्सवादी कम्युनिस्ट पार्टीका वरिष्ठ नेता केबी बातरले गोर्खाल्याण्ड आन्दोलनलाई खुला समर्थन गरेका हुन् । त्यसैगरी शनिवार तारखोलादेखि रम्फुसम्म आन्दोलनकारीले पदयात्रा गरेका छन्। पदयात्रामा युवा पुस्ता र विद्यार्थीहरूको ठूलो उपस्थिति थियो।

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले आन्दोलनकारी दलहरूलाई आइतबार वार्तामा बस्न आह्वान गरिन् तर आन्दोलनकारीहरूले माग पूरा नभएसम्म वार्तामा बस्न अस्वीकार गरेका छन् । दार्जिलिङमा भएको विद्रोहले व्यापक ध्रुवीकरणको संकेत गरेको छ । ममता पार्टीका कालेबुङ अध्यक्ष पासाङ तामाङले सो पार्टीबाट राजिनामा दिएर आन्दोलनमा सहभागी हुने घोषणा गरेका छन्।

## गिरफ्तारीको विरोधमा ...

खबरहरू प्राप्त भएका छन्। बन्द अवज्ञा गरेको भन्दै बन्दकर्ताहरूले चितवनको पोखरा बसपार्क, टाँडी, पर्सालगायत विभिन्न ठाउँमा गरी ६ वटा सवारी साधनमाथि तोडफोड गरिदिएका छन्।

**बन्दको दिन ठाउँ–ठाउँमा बम विष्फोट**

बन्दको दिन देशका विभिन्न ठाउँहरूमा बम विष्फोट भएको समाचार छ । रुपन्देहीको बुटवल मिलनचोकमा बिहानै बम विष्फोट भएको छ। यस्तै पाल्पाको रामपुर र तानसेनमा पनि बिहानै शक्तिशाली बम विष्फोट भएको छ । विष्फोटबाट कुनै मानवीय क्षति भने नभएको बताइएको छ। यस्तै नवलपरासीको दुई स्थानमा पनि बम विष्फोट भएको खबर छ। बम विष्फोट भएका स्थानहरूमा व्यापक रुपमा प्रहरी पहिचान गरिएको थियो। उता पोखराको पृथ्वीचोकमा बम भेटिएपछि त्यस क्षेत्रलाई प्रहरीले घेरा हालेको थियो । यसैबीच बन्दको अवज्ञा गरेकोले सिराहाको बगाहामा एउटा मालवाहक ट्रकलाई बन्दकर्ताहरुले जलाएर ध्वस्त बनाइदिएका छन्।

**केन्द्रीय सदस्यसहित देशभरिबाट दर्जनौं गिरफ्तार**

यसैबीच बन्दको दिन नेकपाका केन्द्रीय सदस्य मकर गुरुङलाई काठमाडौंबाट गिरफ्तार गरेको छ । गुरुङसगै रहेका गणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय अध्यक्ष रत्न मगरलाई पनि पक्राउ गरेको छ। यस्तै सम्पर्क मञ्चकै उपाध्यक्षहरू सुरेश अधिकारी, उद्धव पौडेल, महासचिव हिरा शाही, सचिवहरू पूर्ण श्रेष्ठ, दुर्गा अधिकारी केन्द्रीय सदस्यहरू प्रदिप फुयाल, ज्ञानबहादुर खड्का, करणसिंह वडाल, पदम मगर, हरि श्रेष्ठ, सुशील बलम्पाकी, अर्जुन कटवाल, विक्रम पौडेललाई पनि काठमाडौंको भृकुटीमण्डपबाट प्रहरीले गिरफ्तार गरेको छ । यस्तै सम्पर्क मञ्चकै सदस्यहरू परमेश्वर जोशी, टीकाराम चौधरी, दानबहादुर कुमाल, राजु कार्की र निरज सुवेदीलाई पनि काठमाडौंको बागबजारदेखि गिरफ्तार गरिएको छ । यसैबीच गणतान्त्रिक सम्पर्क मञ्चका रामेछाप जिल्ला संयोजक जीवन बडुवाललाई पक्राउ गरेको छ।

काठमाडौंको कलंकीबाट अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंहलगायत विद्यार्थी नेता कार्यकर्ताहरूलाई पनि प्रहरीले गिरफ्तार गरेको छ । अध्यक्ष सिंहसँगै क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य लोकेश विश्वकर्मा, भीष्मकुमार शाही र टंक जोशीलाई पनि गिरफ्तार गरिएको छ । यस्तै, केन्द्रीय सदस्यहरू गोरखबहादुर शाही, नवीन उपाध्याय, गणतान्त्रिक खेलकूद महासंघका पुरुषोत्तम बुढाथोकी, अखिल क्रान्तिकारीकै प्रज्वल शाही, प्रकाश कठायतलाई पनि पक्राउ गरिएको छ। काठमाडौंको नैकापबाट दीपक बानियाँ र विकास लामालाई पनि प्रहरीले पक्राउ गरेको छ । यस्तै, नेकपा निकट सुकुमबासी संगठनका केन्द्रीय उपाध्यक्ष मिनराज गिरीलाई कैलालीबाट गिरफ्तार गरेको छ । यसैबीच पाँचथरको राँकेबाट किरण राईलाई पनि पक्राउ गरेको छ । यस्तै दार्चुलाबाट अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष बादशाह, उपाध्यक्ष ध्वनि धामी र महेश नेपालीलाई पक्राउ गरेको छ। यसैबीच रुकुम घर भएका अखिल क्रान्तिकारीका जिल्ला सदस्य प्रेम बोहोरालाई दाङबाट गिरफ्तार गरेको छ।

**गिरफ्तार कमरेडहरूलाई तत्काल रिहा गर : प्रवक्ता प्रकाण्ड**

यसैबीच नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्कबहादुर विश्वकर्मा 'प्रकाण्ड'ले नेपाल बन्दको दिन आफ्ना नेता-कार्यकर्ताहरूलाई प्रहरीले पक्राउ गरेकोमा विरोध गर्दै विनाशर्त रिहाइको माग गर्नुभएको छ । साथै, उहाँले जनयुद्धकालमा माओवादीलाई दमन गर्न तयार गरेको कानुन लगाएर आफना नेता कार्यकर्ताहरूमाथि गिरफ्तार र दमन गरिएको बताउनुभएको छ। प्रस्तुत छ - विज्ञप्तिको पूर्णपाठ :

कथित स्थानीय चुनाबको वहानामा हाम्रो पार्टीका नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी जनयुद्धकालमा माओवादी जनयुद्ध दमन गर्न तयार गरेको कानुन लगाएर झुट्टा मुद्दामा फसाउने र दमन गर्न गरिएको राज्यको षड्यन्त्रका विरुद्ध आज असार २७ गते पार्टीले संघर्षको नेपाल बन्द कार्यक्रम आयोजना गऱ्यो । देउवा सरकारको जनार्दन गृह प्रशासनले रातो खबर साप्ताहिक र रातो खबर अनलाईनका निर्देशक अनिल शर्मालाई आज बिहान ७:३० बजे बागबजार पत्रिकाको कार्यालयबाट गिरफ्तार गऱ्यो । जनगणतान्त्रिक मञ्चका इञ्चार्ज मकर गुरुङ, मञ्चका अध्यक्ष रत्न मगरलगायत ४ जनालाई बागबजार कार्यालयबाट गिरफ्तार गऱ्यो । विद्यार्थी नेता पूर्णबहादुर सिंहलगायत दर्जनौं नेता कार्यकर्तालाई गिरफ्तार गरेको छ।

देउवा-प्रचण्ड मण्डलीको जनार्दन गृह प्रशासनले इतिहासलाई माथ गर्ने गरी आज बिहानै संचार जगतमाथि हमला गऱ्यो। यो निरंकुशतावादी दमनको पार्टी कडा निन्दा एवं भर्त्सना गर्दछ । प्रेशमाथिको हमला तुरुन्तै रोकी गिरफ्तार अनिल शर्मालगायत सम्पूर्ण नेता कार्यकर्ताको रिहाको जोडदार माग गर्दछ।

**नेकपाद्वारा बधाई**

नेकपाका प्रवक्ता खडकबहादुर विश्वकर्मा 'प्रकाण्ड'ले आफ्ना नेता कार्यकर्ताहरुलाई पक्राउको बिरोधमा गरिएको बन्द सफल बनाउन सहयोग गर्ने आम जनसमुदायलाई धन्यवाद दिनुभएको छ। साथै उहाँले बन्दको बेला कार्यक्षेत्रमा खटेर गिरफ्तारीसमेत दिने आफ्ना पार्टीका नेता-कार्यकर्ताहरुलाई पनि धन्यवाद दिनुभएको छ । विनाकारण आफ्ना कार्यकर्ताहरुलाई पक्राउ गर्ने बन्दी बनाउने र झुट्टा मुद्दा लगाउने सरकारी रवैयाप्रति घोर भर्त्सना गर्दै यस्ता हर्कत बन्द गर्न चेतावनी पनि दिनुभएको छ । प्रवक्ता प्रकाण्डले पक्राउ गरिएका नेता कार्यकर्ताहरुलाई तत्काल रिहा नगरे कडा संघर्षका कार्यक्रम सावर्जनिक गर्ने पनि घोषणा गर्नुभएको छ। वक्तव्यको पूर्ण पाठ यसप्रकार छ -

पार्टीले आज आयोजना गरेको नेपाल बन्द मुद्दाको राष्ट्रियकरण र कार्यक्रमको कार्यान्वयनको दृष्टिले सफल रहेको छ । उक्त सफलताको निम्ति संघर्ष र योगदान गर्ने सिङ्गो पार्टी पंक्ति एवं आम नेपाली जनतामा पार्टी आभारसहित हार्दिक धन्यवाद व्यक्त गर्दछ।

देउवा सरकारले पूर्व गिरफ्तार केन्द्रीय सदस्य क.सुमन, झापाका सेक्रेटरी क.तारा थापालगायत एक दर्जन नेता-कार्यकर्तालाई रिहा गर्नुको सट्टा आज बन्दको क्रममा पार्टी पिबिएम क.अनिल विरही, केन्द्रीय सदस्य क.मकर गुरुङ, विद्यार्थी नेता पूर्ण बहादुर सिंह, रत्न मगरलगायत देशैभरिबाट दर्जनौं कार्यकर्ताहरु गिरफ्तार गरिएको छ । उक्त गिरफ्तारी देउवा सरकारको जनार्द्धन गृह प्रशासनको निरंकुशताको पराकाष्ठा भएको कुरा नेपाली जनतासामु उदाङ्गिएको छ । सरकारको गैरकानुनी एवं अप्रजातान्त्रिक गिरफ्तारीको पार्टी घोर निन्दा एवं भर्त्सना गर्दछ। गिरफ्तार गरिएका पार्टी नेता र कार्यकर्ताहरुको विना सर्त तुरुन्त रिहाको जोडदार माग गर्दछ। रिहा गरिएन र थप षड्यन्त्र गर्न सरकार उद्धत भयो भने संघर्षको कडा कार्यक्रम घोषणा गर्न पार्टी बाध्य हुने छ। त्यसको सम्पूर्ण जिम्मेवारी देउवा सरकारको जनार्द्धन गृह प्रशासनले लिनु पर्नेछ।

नियमित

# समाज विज्ञान र वर्गसङ्घर्ष



- पारसमणि

बहसमा औपचारिक र घोषित रूपमा सहभागी भए पनि वा नभएपनि प्रत्येक मान्छे वा सामाजिक तथा राजनैतिक सङ्गठनले दिनदिनै गर्ने व्यवहार र दिने अभिव्यक्तिले उसको निश्चित दार्शनिक दृष्टिकोण अभिव्यक्त भैरहेको हुन्छ । कुनै पनि वस्तु वा त्यसको गतिको प्रक्रियाबारे निश्चित व्यक्ति वा सङ्गठनले निकाल्ने वैज्ञानिक र अवैज्ञानिक निष्कर्षका आधारमा उनीहरूको समान वा असमान दृष्टिकोण देखा परिरहेको हुन्छ । ब्रम्हाण्ड र वस्तुलाई विहङ्गम ढङ्गले व्याख्या गर्न खोज्ने तर गलत निष्कर्ष निकाल्नेहरू अवैज्ञानिक साबित भए । यो कुरा प्रकृति विज्ञान, समाज विज्ञान र राज्यसत्ता सम्बन्धी अवधारणा जस्ता सबै विषयमा लागु हुने गर्दछ । प्रकृति र समाजको उत्पत्तिलाई इश्वरीय देन देख्नेहरूले कि त आफैलाई ब्रम्हाण्डको निर्माताको रूपमा घोषणा गरे कि त कुनै कालखण्डमा स्वघोषित ईश्वरको देनलाई आधुनिक विज्ञानको विरुद्ध खडा गर्ने दुष्प्रयास गरे र गरिरहेका छन् । हेगेल र फायरवाखले सामाजिक दर्शनको क्षेत्रमा उक्त अपूर्णतालाई पूरा गर्ने कोशिस त गरे तर सफल हुन सकेनन् । प्रकृति विज्ञानमा उर्जा शक्तिको अनुसन्धान, चार्ल्स डार्बिनको विकासवादी सिद्धान्त लगायातका अनुसन्धानले त्यस अवैज्ञानिक हल्लाहरूको खारेजी गरिसक्दा पनि समाज विज्ञानमा त्यस कुराको न कुनै खण्डन सम्भव भयो न त त्यसका विरुद्ध कुनै तथ्यपरक अनुसन्धान नै । मार्क्स र एङ्गेल्सले त्यतिबेलासम्म भएका वर्गसङ्घर्षको सार खिच्दै ऐतिहासिक भौतिकवादी द्वन्द्ववादको अनुसन्धान गर्नुभयो । जो अहिले सामाजिक विज्ञानको रूपमा प्रख्यात छ । यसलाई विज्ञानको पनि विज्ञान भनिन्छ । अतः यसलाई प्राकृतिक सङ्घर्ष र वर्गसङ्घर्ष को एकीकृत र समुच्च ज्ञानका रूपमा परिभा(षित गरिएको छ । आज फेरि प्रकृति विज्ञानमा नयां खोज सम्भव भएको छ । सन १९६२ तिर "डेजर्ट आइल्याण्ड डिस्कस" भन्ने टिभी कार्यक्रममा सुआवलिले लिएको अन्तरवार्तामा "अब तपाईको कुन कार्य गर्ने इच्छा छ ? भन्ने प्रश्नको जवाफमा हकिङ्गले भनेका छन् "मेरो इच्छा गुरुत्व आकर्षण र प्रकृतिगत अन्य बलहरूलाई एकत्रित गरेर एउटा महा एकीकृत सिद्धान्त प्रस्तुत गर्ने छ । "भौतिक विज्ञानमा अनुसन्धान गरिएका पछिल्ला आविष्कारहरू "सापेक्षताको सिद्धान्त" र "अनिश्चितताको सिद्धान्त" लाई एकीकृत भौतिकीको सिद्धान्तमा विकास उनको त्यही महा एकीकृत सिद्धान्त प्रस्तुत गर्ने उद्देश्य मा सफलता हो । कृष्णबिवर (ब्ल्याक होल) को अनुसन्धान र त्यस सम्बन्धी वैज्ञानिक अवधारणा पनि प्रकृति विज्ञानमा मानव खोजको नयाँ हस्तक्षेप हो । यसरी भौतिक विज्ञानमा नयाँ नयाँ आविष्कार भएका छन् । भौतिक विज्ञानमा मानवीय ज्ञान तथा उसको योग्यता र चाहनाबारे हकिङ्ग भन्दछन् "ज्ञानको लागि मानवताको अत्यन्त गहिरो चाहना हाम्रो अनवरत खोजको पर्याप्त औचित्य पुष्टि हो । र, हाम्रो लक्ष्य यो ब्रह्माण्डको पूर्ण वर्णनभन्दा कुनै कम छैन । जहाँ हामी बस्छौ। "प्रकृति तथा भौतिक विज्ञानमा भौतिकशास्त्रीहरू यति धेरै आफ्नो विषयप्रति अनुसन्धानरत छन् र सफलताको लागि विश्वस्त पनि । उनीहरू विस्तारित र परिवर्तनशील ब्रह्माण्डको व्याख्या गर्न र निष्कर्ष निकाल्न पहिला अनुसन्धान गरिएका नियमहरूले काम चलेन भने वैज्ञानिक नयाँ नियमहरू विकास गर्न तल्लिन हुन्छन् र सफलता हात नपरुन्जेल खुला अनुसन्धानमा लागिरहन्छन् । डक्टरद्वारा तिम्रो जीवन दुई बर्षसम्म मात्र रहन्छ र तिम्रो कुनै बच्चा पनि हुदैनन् भनी ठोकुवा गरिएका हकिङ र उनको टिम त्यसको उच्च नमुना हुन् । तर समाज विज्ञानबारे समाजशास्त्रीहरू किन विकसित समाज, त्यसको आधुनिक परिवर्तन र त्यसका विकसित नया अतर्विरोधहरूको वस्तुवादी सश्लेषन गर्न सकिरहेका छैनन् ? यो एउटा विडम्बना हो । त्योभन्दा बढी बिडम्बना त यो हो कि अहिलेको विकसित समाजलाई बुझ्न् र बदल्न समाज विज्ञानका पुराना नियमहरूबाट मात्र काम चलाउन खोज्नु । सबभन्दा वैज्ञानिक भनिएका कम्युनिस्ट दार्शनिकहरू नै समाज र समाज व्यवस्थामा आएको परिवर्तनप्रति सरोकार नराखिकन पुराना दर्शनशास्त्रका हरफहरू पढ्ने अभिभारा मात्र पूरा गर्दछन् । यसले यो बुझाउँदछ कि उनीहरू भौतिक विज्ञानमा अनुसन्धान गरिएका पछिल्लो आविष्कारबाट अनभिज्ञ छन् । यदि उनीहरू त्यसमा विज्ञ नै छन् भने पनि त्यसलाई समाज विज्ञानका नयाँ नियमहरू पत्ता लगाउने आधारको रूपमा प्रयोग गर्न असक्षम छन् । वर्तमान विश्वका सबै कम्युनिस्ट नेताहरू मार्क्स, लेनिन, माओले गरेका व्याख्या र निकालिएका निष्कर्ष भन्दा एक इन्च तलमाथि गर्नुहुन्न भन्नू यस कुराको प्रमाण हो । कम्युनिस्ट विचारमा देखिएको यही कमीलाई अहिलेको सापेक्षतामा पूरा गर्ने अठोटसहित हाम्रो पार्टीले "एकीकृत जनक्रान्ति" को अवधारणा अघि सारेको छ । एकीकृत जनक्रान्तिको अवधारणाले कम्युनिस्ट लक्ष्य, विधि र व्यवस्थापनलाई समेत सरल बनाउने अठोट राख्दछ । मूल रूपमा विज्ञान र व्यवस्थापनको सरलीकरण गरेर आम श्रमजीवी वर्गलाई वैज्ञानिक समाजवादको नेतृत्वमा विकसित गर्नु यसको व्यवहारिक काम हुनेछ । विज्ञान र व्यवस्थापनको सरलीकरणबारे हकिङको निकै सटिक भनाई यस्तो रहेछ "यदि हामीले एउटापूर्ण सिद्धान्तको खोज गर्यौं भने पनि त्यो केवल केही वैज्ञानिकसम्ममा मात्र सिमित हुनु हुँदैन । बरु यथासम्भव एक स्पष्ट सिद्धान्तको रूपमा संसारको सामुन्ने आउनु पर्छ । तब हामी सबै वैज्ञानिक, दार्शनिक र जनसामान्यले एउटै मञ्चमा बसेर यस बहसमा भाग लिन सक्ने छौं । (यस ब्रह्माण्डको अस्तित्व आखिर किन छ ?" हामीले पनि वर्तमान कम्युनिस्ट सिद्धान्त, त्यसको व्यवहारिक सम्पादन र भावी परिकल्पनाबारे नेता र जनता सङ्गै बसेर छ्लफल गर्नसक्ने गरी वैज्ञानीकरण र सरलीकरण गर्नु आजको आवश्यक्ता हो ।

# नेकपाद्वारा जग्गा बेचबिखन गर्न रोक

■ **रातो खबर संवाददाता**/चितवन




नेकपा चितवनले सुकुमवासी र भुकम्पपीडितहरुलाई उठीबास गराएको भन्दै चितवनमा १० विगाह जमिन बेचविखन तथा सट्टा-पट्टा गर्न रोक लगाएको छ। मंगलबार भरतपुर महानगरपालिका-१० मा रहेको अजय शाह, विजय शाह र शारदा शाहको संयुक्त नाममा रहेको जग्गा बेचविखन नगर्न नेकपाले रोक लगाएको हो । विगतमा जनसत्ताले कब्जा गरेको उक्त जग्गामा सुकुमबासी र भुकम्पपीडितहरु बस्दै आएका थिए। तर प्रशासनले बल प्रयोग गरी भूकम्पपीडित र सुकुमबासीहरुलाई हटाएको भन्दै नेकपाले यसको विरोध गर्दै आएको छ।

जनपक्षीय अखबार
रातो खबर साप्ताहिकको
निरन्तरता र प्रगतिको कामना गर्दछु ।

सुवर्ण म्याच फ्याक्ट्री प्रा.लि.
भारतपुर महानगरपालिका-४, बारघरे
अध्यक्ष लेखराज पन्त
सम्पर्क नं. ९८५५०५६४३८

आन्तरिक राजश्व कार्यालय पोखराको

आर्थिक वर्ष २०७३/०७४ को आयकरको तेस्रो किस्ता वापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ (संशोधनसहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक वर्ष २०७३/०७४ को कारोबारको संशोधित अनुमानित करको विवरण पेस गर्नुपर्ने भए सो विवरण र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा १ बमोजिम दाखिला गर्नुपर्ने अनुमानित करको तेस्रो किस्ता वापतको शतप्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम यही २०७४ असार मसान्तभित्रै करदाता कार्यालय वा आन्तरिक राजश्व कार्यालय, पोखरा वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, ´ail: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं